
जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक ११२ • २०८१ साल भाद्र २३ गते आइतबार (8 September, Sunday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबीबीएस

## उपकुलपति साह, रजिष्ट्रार यादवको टीमलाई भारी सफलता

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई चिकित्सा शिक्षा आयोगले चिकित्साशास्त्रमा स्नातक (एमबीबीएस ) अध्यापनका लागि स्वीकृति प्रदान गरेको छ ।

प्रतिष्ठानका उपकुलपति डा.अंकुर साह र रजिष्ट्रार डा.विनोद यादवको टिमले गरेको अथक प्रयासले चिकित्सा शिक्षा आयोगले चालु सत्रका लागि ५० सिट निर्धारण गरेको छ ।

मेडिकल कलेज सञ्चालनका लागि प्रतिष्ठानले मुजेलियामा पूर्वाधार तयार गरेको र प्राक्टिकलका लागि प्रतिष्ठानको प्रादेशिक अस्पताल प्रयाप्त रहेको चिकित्सकहरुले जनाएका छन् ।

प्रदेश सरकारले चालु आर्थिक वर्षमा प्रतिष्ठानको बजेट कटौती गरेको छ । गत आर्थिक वर्षमा प्रतिष्ठानले २७ करोड बजेट पाएकोमा चालु आर्थिक वर्षमा १५ करोडमा झारिएको छ । अस्पताल तर्फ पनि १ करोड बढी बजेट कटौती गरिएको छ ।



तर एमबीबीएस सञ्चालनका लागि प्रतिष्ठानका पदाधिकारीहरु लागि परेका थिए । मधेश प्रदेशमा यो नै सरकारी स्तरबाट सञ्चालन भएको पहिलो मेडिकल कलेज भएको छ ।

एमबीबीएसका लागि निजी क्षेत्रबाट धनुषामा जानकी मेडिकल कलेज र वीरगञ्जमा नेशनल मेडिकल कलेज सञ्चालनमा रहेका छन् ।

प्रतिष्ठान मातहतमा विज्ञ चिकित्सकहरु कार्यरत छन् । केही वर्षदेखि प्रतिष्ठानले स्नातकोत्तर (मास्टर) तहमा शिशु, जेनरल सर्जरी, गाइनो र मेडिसिन विधाको कक्षा चलाउँदै आएको छ ।

प्रतिष्ठान अन्तर्गत स्टाफ नर्स, बी.एन, बीएमएलटीलगायतको विधामा पनि पठनपाठन भइरहेको छ । अब प्रतिष्ठानले एमबीबीएसको कक्षा पनि सञ्चालन गर्ने भएको छ । प्रथम पटक ५० सिटको कोटा पाएको प्रतिष्ठानका लागि भने पठनपाठन सञ्चालन गर्न आर्थिक चुनौती देखिएको छ ।

मास्टर डिग्रीमा पूर्ण छात्रवृत्ति( फुल स्कलरसिप) र एमबीबीएस लगायतका कोर्षमा ७५ प्रतिशत पूर्ण छात्रवृत्तिमा अध्यापन गराउनु पर्ने छ ।

प्रतिष्ठानले पूर्ण छात्रवृत्तिमा अध्यापन गराएवापत प्रति विद्यार्थी सरकारी निर्धारित शुल्क ४८ लाख पाउनु पर्नेछ । संघीय सरकार मातहतको कलेजमा संघ सरकारले सोही बमोजिम रकम दिने गरेको छ । तर मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान मधेश प्रदेश सरकार अन्तर्गत रहेकाले संघीय सरकार शुल्क दिइरहेको छैन ।

प्रतिष्ठानका रजिष्ट्रार डा. यादवले जनाए अनुसार हालसम्म भइरहेको अध्यापन वापत संघीय सरकारले ३५ करोड रुपैयाँ प्रतिष्ठानलाई दिनुपर्छ ।

प्रदेश सरकारले ३८ जना विद्यार्थीका लागि जनही ४८ लाख रुपैयाँको दरले प्रतिष्ठानलाई रकम उपलब्ध गराउनु पर्नेछ । १२ जना विद्यार्थीबाट प्रतिष्ठानले शुल्क लिन पाउनेछ ।

एमबीबीएसको कक्षा सञ्चालनका लागि बजेट प्रयाप्त नरहेको बताउँदै उपकुलपति डा.साहले भने, प्रदेश सरकारले स्वास्थ्य मन्त्रालय मार्फत सुनिश्चित गरेको ५ करोड रुपैयाँ समेतको बजेटमा वृद्धि गरिनु पर्छ । 'बजेटको अभाव भए पनि कक्षा सञ्चालन गरिने छ' उनले भने, मधेश प्रदेशका लागि यो ठूलो उपलब्धि हो ।

मधेश प्रदेशमा सरकारी स्तरबाट एमबीबीएसको पठनपाठनका लागि स्वीकृति लिन सफल भएका उपकुलपति डा.साह, रजिष्ट्रार डा.यादवलाई प्रतिष्ठानका कुलपति समेत रहेका मुख्यमन्त्री सतिश कुमार सिंहले बधाई दिएका छन् ।

प्रतिष्ठानमा लामो समयदेखि रेक्टरको पद रिक्त छ । अस्पतालको डाइरेक्टरलाई हटाइएपछि अर्को व्यवस्था गरिएको छैन ।









# राजनीतिक परिवर्तनप्रति कर्मचारीहरुले गरेको योगदान प्रशंसायोग्य छ : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालको अग्रगामी राजनीतिक परिवर्तनप्रति निजामती कर्मचारीहरुले गरेको प्रत्यक्ष र परोक्ष योगदान प्रशंसायोग्य भएको बताउनुभएको छ।

निजामती सेवा दिवसका अवसरमा सम्पूर्ण निजामती कर्मचारीलाई बधाई तथा शुभकामना दिँदै प्रधानमन्त्री ओलीले तानाशाही विरुद्धको सङ्घर्ष, त्यस सङ्घर्षमा खेप्नु परेको पीडा र गर्नु परेको बलिदान एवं आफ्ना पेसागत हकहितका भएका आन्दोलन उल्लेखनीय रहेको बताउनुभयो । निजामती सेवाले कानुनी रुपमा संस्थागत स्वरुप लिएको दिनलाई आधार मानी प्रत्येक वर्ष भदौ २२ गते यो दिवस मनाउने गरिएको छ।

प्रधानमन्त्री ओलीले कर्मचारीहरुले सहभागिता जनाएका र योगदान पुर्‍याएका आन्दोलनहरु सफल भएका र कर्मचारीका मागहरु क्रमशः पूरा हुँदै गएका उल्लेख गर्नुभएको छ । “आज देशमा लोकतन्त्र छ, लोकतान्त्रिक संविधान छ र जनतामा सार्वभौमसत्ता रहेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली छ । अब हामी जो जहाँ छौँ, त्यहीँबाट सबैले यस प्रणालीलाई सफल पार्नु छ । यतिबेला समस्त कर्मचारीले स्वच्छ आचरण र उच्च नैतिक मनोबलका साथ राष्ट्रिय एकताको भावधारामा एकताबद्ध हुँदै सुशासन र विकासको बाटोमा अग्रसर हुनु जरुरी छ”, उहाँले शुभकामना सन्देशमा उल्लेख गर्नुभएको छ।

यसका लागि आफ्नो दक्षता अभिवृद्धि गर्न र देशको विकास एवं जनताको सेवामा निष्ठापूर्वक समर्पित हुनसमेत जरुरी रहेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले सम्पूर्ण निजामती कर्मचारीमा उच्च नैतिक आचरण, इमान्दारिता र पेसागत निष्ठामार्फत जनताप्रति उत्तरदायी र असल शासनको व्यावहारिक अनुभूति प्रदान गर्न सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्नुभएको छ। नेपालको विभिन्न शासकीय व्यवस्थामा निजामती सेवाले आफ्नो सहभागिता जनाउँदै आएको भन्दै उहाँले लोकतान्त्रिक शासन व्यवस्थामा यसको भूमिका र जिम्मेवारी अझै गहन तथा व्यापक हुँदै गएको बताउनुभएको छ।

“लोकतन्त्रका लाभहरुको वितरण आम नागरिकसम्म पुर्‍याई जनताको सेवा गर्न, राज्यप्रति नागरिकको भरोसा र विश्वास अभिवृद्धि गर्न निजामती सेवाको भूमिका महत्वपूर्ण हुन्छ । निजामती सेवाको यस्तो भूमिकामार्फत नै मुलुकको आर्थिक-सामाजिक विकास गर्न सकिन्छ र त्यसैको माध्यमबाट हामीले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्नुपर्नेछ”, प्रधानमन्त्री ओलीको शुभकामना सन्देशमा उल्लेख छ।

राष्ट्रको यस आकाङ्क्षा पूरा गर्न सम्पूर्ण निजामती कर्मचारीले आफ्नो क्षमता अभिवृद्धि गर्ने ज्ञान, सीप, दक्षता एवं त्यस क्षमतालाई निष्ठा र इमान्दारीपूर्वक व्यवहारमा प्रदर्शन गर्नुपर्ने उहाँको भनाइ छ। निजामती कर्मचारीहरुमाथि लाग्ने गरेका तमाम गुनासालाई चिर्दै पेसागत मूल्यमान्यता, व्यावसायिकता र निष्ठालाई आत्मसात् गरी उच्च नैतिक आचरण र व्यवहारमार्फत सेवा प्रदान गर्न प्रत्येक निजामती कर्मचारीले आफूलाई समयानुकूल ढङ्गले रुपान्तरण गर्नुपर्ने प्रधानमन्त्री ओलीको सुझाव छ । उहाँले मुलुकमा उत्पन्न हुने प्राकृतिक प्रकोप बाढी, पहिरो, आगलागीजस्ता विपद्जन्य घटनामा राष्ट्रसेवकले देखाएको परोपकारी भावना र सम्पादन गरेको काम प्रशंसनीय रहेको उल्लेख गर्नुभएको छ । जनताले अनुभूत हुनेगरी सेवा प्रवाहलाई सरल, सहज र समयानुकूल बनाउँदै अगाडि बढ्न प्रधानमन्त्री ओलीले सबै राष्ट्रसेवकलाई आग्रह गर्नुभएको छ ।रासस

# हलियामुक्तिका सोह्र वर्ष : अवस्था अझै बदलिएन

कञ्चनपुर । हलिया मुक्तिको घोषणा भएको सोह्र वर्ष पुगेको छ । कञ्चनपुरका मुक्त हलिया परिवारको अवस्था बदलिएको छैन। साहुको घरबाट बिदा भएका मुक्त हलिया परिवार ज्याला मजदुरी गरेर जीविका चलाउन बाध्य छन् । पुनःस्थापनको कार्यले पूर्णता नपाउदा मुक्त हलिया परिवार खोला, नदी तटीय क्षेत्रसँगै वन क्षेत्रसँग जोडिएका ठाउँमा असुरक्षित तरिकाले बस्दै आएका छन्।

पुनःस्थापनमा परेका मुक्त हलिया परिवारले रोजगारी नपाउँदा भारतमा कुल्ली र दरवान भएर काम गर्नुपरेको छ । मुक्त हलियामा ९७ प्रतिशत व्यक्ति दलित परिवारसँग सम्बन्ध राख्छन् । समाजमा छुवाछुतको भावना अझै विद्यमान हुँदा होटल, चिया नास्ता पसल, डेरी लगायतका व्यवसाय सञ्चालन गर्न कठिनाइको सामना गर्दै आएका छन्।



हलियाबाट मुक्त भएर वैशाखा शिविरमा बस्दै आएका दलबहादुर कामीले आधारभूत सेवा सुविधाबाटै वञ्चित भएको गुनासो गर्नुभयो। “शिविरमा रहेको झोपडीमा राम्ररी निदाउन पनि पाएका छैनौँ” उहाँले भन्नुभयो, “सर्प, बिच्छीको समस्या छँदैछ, पानी परेका छाना चुहिँदा अनिदोमै रात बित्छ, लामखुट्टेले त्यतिकै सताउ छन्, चिसोका बेला प्रयाप्त ओढ्ने विछ्याउने कपडा नहुँदा आगो बालेर रात बित्छ।”

बिरामी परे आर्थिक अभावले उपचार गराउन नपाइने गरेको उल्लेख गर्दै उहाँले मजदुरी गर्न जाँदा बालबालिकालाई पनिसँगै लैजानुपर्ने हुँदा विद्यालय पढाउन नपाइएको बताउनुभयो।

“मुक्त हलिया परिवारका युवासँग प्राविधिक सीप र दक्षता छैन” राष्ट्रिय हलिया मुक्ति समाज कञ्चनपुरका अध्यक्ष सिबी लुहारले भन्नुभयो, “स्वदेशमा काम नपाउँदा भारतमा सस्तोमै श्रम बेच्न बाध्य छन्।” परम्परागत पेसा व्यवसाय आधुनिकिकरण र प्रतिस्पर्धात्मक हुन नसक्दा पुँजीको अभावमा व्यवसाय सञ्चालन गर्नबाट वञ्चित रहदै आएको उहाँले बताउनुभयो।

मुक्त हलिया पुनः स्थापन कार्यक्रम अन्तर्गत जग्गा खरिद, घर निर्माण र मर्मतमा मात्रै सीमित हुँदा शिक्षा, स्वास्थ्य, रोजगारी, जीविकोपार्जन लगायतका कार्य ओझेलमा परेको उहाँको बुझाइ छ ।उहाँका अनुसार कञ्चनपुरमा लगतमा समावेश गरिएका मुक्त हलियाको स¤ख्या तीन हजार सात सय ३२ रहेकोमा जसमध्ये एक हजार नौ सय ९१ ले मात्रै परिचयपत्र पाएका छन्।

‘क’ वर्गको तीन सय ९४, ‘ख’ वर्गको सात सय ९९,‘ग’ वर्गको ६४,‘घ’ वर्गको सात सय ६४ जनाले परिचयपत्र पाएका छन्।

परिचयपत्र पाएकामध्ये हालसम्म तीन सय ४७ जनाको जग्गा खरिद, ५६ जनाको घर निर्माण र एक हजार चार सय ३३ जनाको घर मर्मतको कार्य गरिएको छ।

पुनः स्थापनमा परेका मुक्त हलियाको संख्या एक हजार आठ सय ३६ रहेको छ।

परिचयपत्र पाएर पनि ५५ मुक्त हलिया परिवारले कुनै सुविधा प्राप्त गरेका छैनन् । पुनः स्थापनका लागि स्थानीय तहमा हस्तान्तरण गरिएका मुक्त हलियाका एक सय छ परिवार रहेका छन् । लगतमा समावेश भएका सम्पर्कमा नआउँदा लगत कट्टा गरिएका परिवारको संख्या पाँच सय २५ रहेको छ । पुनः स्थापनको प्याकेजमा समावेश भई जग्गा खरिद भई घर निर्माणको अन्तिम किस्ता पाउनबाट छ सय १७ परिवार वञ्चित रहेका छन् ।मुक्त हलिया पुनः स्थापनको कार्य स्थानिय तहलाई हस्तान्तरण गरिएको आधा दशक बित्नै लागे पनि कार्य अगाडि बढ्न सकेको छैन । पुनःस्थापनको कार्यलाई स्थानीय तहले प्राथमिकतमा नराख्दा कार्य ओझेलमा परेको हलिया अगुवा गणेश विश्वकर्मा बताउनुहुन्छ।

विसं २०७६ जेठ ६ गतेको मन्त्रिपरिषद्को बैठकले स्थानीय तहलाई पुनः स्थापनको अख्तियारी हस्तान्तरण गरेको भए पनि कार्यक्रमप्रति चासो नदिइदा प्रत्येक वर्ष विनियोजन हुने रकम फिर्ता(फ्रिज) जाने गरेको उहाँले बताउनुभयो।

“परिचयपत्र प्राप्त गरी लामो समयदेखि पखाईमा रहेका मुक्त हलिया परिवारलाई पुनःस्थापन गराउनुपर्ने हुन्छ” उहाँले भन्नुभयो, “घर निर्माण र मर्मतमा छनोट भएका मुक्त हलियालाई अन्तिम किस्ताको रकम उपलव्ध नहुँदा आवास निर्माणको कार्यले पूर्णता नपाउँदा धेरै परिवार झुपडीमा कष्टरक जीवन बिताउन विवश छन्।”

स्थानीय तहमार्फत सङ्कलन गरिएको तथ्याङ्कलाई प्रमाणिकरण गरी परिचयपत्र वितरण र पुनःस्थापनको कार्य अगाडि बढाइनुपर्ने उहाँको माग छ। पुनः स्थापनमा परेका मुक्त हलिया परिवारको सामूहिक आवास बस्तीमा विद्युत्, खानेपानी, सडक शिक्षा, स्वास्थ्य लगायतको सुविधा प्रदान गर्नुपर्ने उहाँ बताउनुहुन्छ।

संविधान र स्थानीय सरकार सञ्चालन ऐनमा भएको संवैधानिक र कानुनी प्रावधान अनुसार स्थानीय तहले नीति तर्जुमा गरी मुक्त हलियाको समस्या समाधान गर्न सक्ने गरी इच्छाशक्ति र सकारात्मक सोचसहित कार्य अगाडि बढाउनुपर्ने राष्ट्रिय मुक्त हलिया समाज महासङ्घका केन्द्रिय अध्यक्ष इश्वर सुनारले बताउनुभयो।

“मुक्त हलियाका परम्परागत पेसा, व्यवसाय (आरन, सिलाइकटाइ, छालाजुत्ता, बेतबाँस)लाई आधुनिकिकरणसँगै प्रतिस्पर्धात्मक बनाइ साना उद्योगका रुपमा विकास गरिनुपर्छ” उहाँले भन्नुभयो, “त्यसका लागि स्थानीय, प्रदेश, सङ्घीय सरकारले बजेट विनियोजन गरी योजना तयार गर्नुपर्छ।”

लामो समयदेखि छलफल भई विज्ञहरुको राय सल्लाह, सुझाव सङ्कलन गरिएको एकीकृत बुधवा श्रम निषेध सम्बन्धीको कानुनको मस्यौदालाई कानुनी रुप दिनका लागि सङ्घीय सरकाले चासो दिनुपर्ने उहाँको भनाइ छ । विसं २०६५ भदौ २१ गते सरकारले हलिया मुक्तिको घोषणा गरी लगत लिनेक्रममा मालिकको डरत्रास, तत्कालीन गाविस सचिवको असहयोग, रोजगारीका सिलसिलामा स्वदेश तथा भारतमा रहेका र सूचनाको अभावमा प्रदेशमा हजारौँ मुक्त हलियाहरु तथ्याङ्कमा छुट्न गएकाले ती परिवारलाई पनि पुनःस्थापनको लगतमा समावेश गरिनुपर्ने उहाँले उल्लेख गर्नुभयो । उहाँका अनुसार सुदूरपश्चिम प्रदेशका नौ जिल्लामा मात्रै लगतमा समावेश हुन नसकेकामुक्त हलियाको स¤ख्या एक हजार चार सय ९९ रहेका छन्।

सुदूरपश्चिम प्रदेशका नौ र कर्णाली प्रदेशका तीन गरी १२ जिल्लामा प्रमाणिकरणमा परेका १६ हजार नौ सय ५३ मुक्त हलियामध्ये १४ हजार दुई सय ४२ ले परिचयपत्र प्राप्त गरेका छन् । न्यायिक निकायबाट ५४ जनाले परिचयपत्र पाएका छन् ।परिचयपत्र पाएकामध्ये जग्गा खरिद र घर निर्माण दुई हजार तीन सय ४२, घर मर्मत आठ हजार दुई सय १९, जग्गा खरिद मात्र भएका आठ सय तीन, घर मात्रै निर्माण भएका एक हजार एक सय ९६ गरी १३ हजार पाँच सय ४५ परिवार पुनःस्थापन प्याकेजमा समेटिएका छन्।

प्रमाणिकरणमा परेका परिचयपत्र पाउन नसकेका चार सय ४१, पुनः स्थापन हुन बाँकी रहेका दुई हजार सात सय ११ रहेका छन्।

घर निर्माणको अन्ति किस्ता पाउबाट वञ्चित नौ जिल्लाका एक हजार एक सय चार परिवार रहेका छन् ।कानुनी रुपमै स्पष्ट रुपमा पुनः स्थापनका कार्य अगाडि बढाउनुपर्ने प्रावधान भए पनि स्थानीय तहलाई पुनः स्थापनको जिम्मेवारी दिएपछि कार्य विलम्ब हुँदै गएको अध्यक्ष सुनार गुनासो गर्नुहुन्छ।

उहाँका अनुसार नेपालको संविधान २०७२ मा को भाग चार राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ राज्यका नीतिहरुको (ञ) ६ को समावेशीकरणसम्बन्धी नीतिमा मुक्तकमैया, कम्लरी, हरुवाचरवा, हलिया, भूमिहीन, सुकुम्वासीको पहिचान गरी बसोबासका लागि घर घरेडी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापन गर्ने संवैधानिक व्यवस्था रहेको छ ।रासस

# ‘अग्निदहन’ भारतको विहारमा प्रदर्शन

काठमाण्डु । साहित्यकार तथा पत्रकार लोकमणि पौडेलको उपन्यास ‘अग्निदहन’ मा आधारित रहेर निर्माण गरिएको शिक्षामूलक सामाजिक चलचित्र ‘अग्निदहन’ हालै भारतको विहार राज्यको सीतामढीमा प्रदर्शन गरिएको छ।



विहारको सीतामढीस्थित कमान्डेन्ट अफ एसएसबी-२० औँबटालियनमा बटालियन प्रमुख गिरीशचन्द्र पाण्डेय र फिल्मको निर्माण पक्षको उपस्थितिमा चलचित्र प्रदर्शन गरिएको निर्देशक घनश्याम लामिछाने जानकारी दिनुभयो । यो चलचित्र नेपालमा आगामी मङ्सिर ७ गते प्रदर्शन हुँदैछ।

चलचित्रका परिकल्पनाकार कोविदशरण उपाध्यायले विहारमा आफ्नो चलचित्रको ऐतिहासिक प्रदर्शन भएको जानकारी दिनुभयो । “हामीले त्यहाँ भोजपुरी भाषामा चलचित्र प्रदर्शन गर्‍यौँ । निकट भविष्यमै भारतका विभिन्न राज्यमा र विशेष गरी सीमावर्ती क्षेत्रमा चलचित्र प्रदर्शनको तयारीमा छौँ”, उहाँले भन्नुभयो । परिकल्पनाकार उपाध्यायका अनुसार आगामी छठ पर्वका अवसरमा चलचित्र ‘अग्निदहन’को राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थितिमा शीतलनिवासमा प्रिमियर हुँदैछ।

चलचित्रका निर्देशक लामिछानेले एउटा डरलाग्दो विषयलाई चलचित्रमा उठान गरिएकोबताउनुभयो।“चलचित्रमा दर्शकले सन्देश र उत्सुकता दुवै पाउनुहुनेछ”, उहाँले भन्नुभयो । राष्ट्रिय जागरण प्रतिष्ठान नेपालले चलचित्र निर्माण गरेको हो । यो संस्था बोक्सी कुप्रथालाई शिक्षा र चेतनाको माध्यमद्वारा अन्त्य गरी नेपाललाई बोक्सी कुप्रथाको अन्धविश्वासबाट मुक्त गर्ने उद्देश्यले २०७१ सालमा स्थापना भएको हो।

चलचित्रमा प्रकाश घिमिरे, प्रमिला तुलाचन, माओत्से गुरुङ, अनुपमा भण्डारी, तुलसी क्षेत्री, विष्णु बास्तोला, ताराबहादुर गुरुङलगायतको अभिनय रहेको छ। चलचित्रमा लोकमणि पौडेलको कथा, पटकथा र संवाद, कोविदशरण उपाध्यायको परिकल्पना, परिच्छेद सेनको मुख्य सहायक निर्देशन, दीर्घ गुरुङको छायाङ्कन, दीर्घ खड्काको सम्पादन तथा राजेन्द्र मोक्तानको रङ संयोजन रहेको छ । उक्त चलचित्रले चलचित्र विकास बोर्डले प्रदान गर्ने ‘विशेष चलचित्र अवार्ड’ समेत प्राप्त गरिसकेको छ ।रासस

# केही स्थानमा भारी वर्षाको सम्भावना

काठमाण्डु । हाल देशभर मनसुनी वायुको प्रभाव कायमै छ। जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार मनसुनको न्यून चापीय रेखा पश्चिमतिर सरदर स्थानको आसपास र पूर्वतिर सरदर स्थानको दक्षिणतिर अवस्थित छ।



हाल देशभर आंशिकदेखि साधारणतया बदली छ। बागमती, गण्डकी र कर्णाली प्रदेशका थोरै स्थानमा हल्का वर्षा भइरहेको छ । शनिबार दिउँसो देशभर आंशिकदेखि साधारणतया बदली रहने विभागको अनुमान छ ।कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चट्याङ्गसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागको एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ।

शनिबार राति देशभर आंशिकदेखि साधारणतया बदली रहने छ। कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका पहाडी भू-भागका केही स्थानमा र बाँकी भू-भागका थोरै स्थानमा मेघ गर्जन/चट्याङ्गसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। बागमती र कर्णाली प्रदेशको एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको विभागले जनाएको छ।

विभागले आगामी २४ घण्टामा बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागको एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको जनाएको छ । साथै ती क्षेत्रमा हुन सक्ने गेग्रान बहाव, बाढी, पहिरो तथा भू-क्षय जस्ता प्रकोपको जोखिम वा क्षतिबाट बच्न तथा यसबाट ती क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउनु हुन अनुरोध गरेको छ ।रासस

# २१७ किलो गाँजा सहित तीन पक्राउ

टुडे समाचारदाता

सिरहा । ठूलो परिमाणमा लागूऔषध गाँजासहित तीन जनालाई सिरहा प्रहरीले नियन्त्रणमा लिएको छ। सिरहाको कर्जन्हा नगरपालिका-१० स्थित पश्चिमी सीमाक्षेत्रबाट भारत र नेपालका तीन जनालाई नियन्त्रणमा लिइएको सिरहा प्रहरीले जनाएको छ।



पक्राउ पर्नेमा भारत बिहार राज्य मधुवनी जिल्लाका २० वर्षीय किसुन मुखिया, मकवानपुर जिल्ला मनहरी गाउँपालिका-९ का ६२ वर्षीय खडकबहादुर तामाङ, र सिरहाकै कर्जन्हा नगरपालिका-१० का ४० वर्षीय चानोदेवी मुखिया रहेको सिरहा प्रहरीका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक मुक्तिनाथ सापकोटाले जानकारी दिए।

प्रहरी चोकी कर्जन्हा र इलाका प्रहरी कार्यालय मिर्चैया सिरहाको टोलीले गोप्य सूचनाका आधारमा शुक्रबार दिउँसो उनीहरूलाई पक्राउ गरेको उनले बताए । प्रहरीले स्थानीय ४५ वर्षीय बिहारी मुखियाको गोठघरबाट प्लास्टिकको १४ वटा पोकामा लुकाइ राखिएको २१७ किलो गाँजा बरामद गरेको उनले बताए।

यता सो घटनासम्बन्धी थप अनुसन्धान भइरहेको सिरहा प्रहरीले जनाएको छ।


## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु। |
| बृष | : पुरस्कार प्राप्त लाभ। |
| मिथुन | : नयाँ कार्य हुने। |
| कर्कट | : बौद्धिक क्षमता। |
| सिंह | : प्रतिभा सम्पन्नता। |
| कन्या | : शिक्षामा उन्नति। |
| तुला | : पारिवाहिक सुख। |
| वृश्चिक | : धन वृद्धि सञ्चय। |
| धनु | : प्रेम प्रसंग, मित्र सुख। |
| मकर | : सुख समृद्धि हुने। |
| कुम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : अवसर प्राप्त। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



भाद्र शुक्ल पञ्चमीको अवसरमा मनाइने ऋषि पञ्चमीको लागि वीरगञ्जको पुरानो बजार मिनाबजारमा दाँत माइनका लागि आवश्यक पर्ने दतिवन खरिद गर्दै सर्वसाधारण। यो वर्षको ऋषि पञ्चमी भोली आइतबार मनाइँदैछ। ऋषि पञ्चमीको दिन दतिवनले दाँत माझेर नदी, तलाउ, धारा , कुवामा स्नान गरेमा पापमोचन हुने धार्मिक विस्वास छ। *तस्बिर : रासस*

# समापन गरियो हरितालिका तीज



काठमाण्डु । भाद्र शुक्ल तृतीयाका दिनमा शुक्रबार देवाधिदेव महादेवको पूजा आराधनागरी हरितालिका (तीज) पर्वको व्रत बसेका वर्तालुले शनिबार बिहान गोदान, पूर्णपात्रगरी व्रत समापन गरेका छन् ।

सामान्यतया अरु व्रत त्यसैदिन बेलुकी समापन गर्ने विधि भए पनि हरितालिका (तीज) व्रत भने भोलिपल्ट बिहानमात्र उद्यापन गर्ने शास्त्रीय परम्परा छ। भाद्र शुक्ल तृतीयाकै बेलुकी पूजा लगाएका वर्तालुले पनि व्रत समापन चतुर्थीको बिहान गरेपछिमात्र भोजन गर्ने गर्छन् ।भाद्र शुक्ल तृतीयामा व्रत बसी शिव पार्वतीको पूजा, उपासना गरेमा सुख, शान्ति र कल्याणको प्राप्ति हुने धार्मिक विश्वास छ। सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर श्री महादेव पति पाउने वरदान पाएकी थिइन् । तर पिता हिमालयले पार्वतीको इच्छा विपरीत विष्णुसित विवाह गरिदिन खोजेपछि साथीहरुलाई आफ्नो समस्या सुनाइन् ।

पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरुले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए । साथीहरुले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रत गरी महादेवलाई पतिका रुपमा प्राप्त गरिन् । यसरी पार्वती साथीहरुद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका (तीज) को व्रत लिने प्रचलन सुरु भएको धर्मशास्त्रीय मत छ।

संस्कृत भाषाका 'हरित' र ' आलिका' दुई वटा शब्द मिलेर हरितालिका शब्द बनेको छ । जसमा 'हरित' शब्दको अर्थ हरण गरिएको र 'आलिका' शब्दको अर्थ साथी भन्ने हुन्छ ।सत्ययुगमा आजैको दिन निराहार व्रत बसी पार्वतीले श्रीमहादेव स्वामी पाएकीले आजको दिनमा व्रत बस्दा मनोकामना पूरा हुने विश्वास छ।

न ा र ी ल े परिवारको अभिभावकका रुपमा प्रतिनिधित्वगरी व्रत बस्ने भएकाले नसकेका अवस्थामा अथवा रजस्वला भएका बेलामा पुरुषले पनि व्रत बस्ने गरेका छन् । यस अर्थमा अहिले केही नारीवादीले उठाएजस्तो विभेदकारी व्रत परम्परा पनि तीज नभएको धर्मशास्त्रविद्हरुको भनाइ छ ।समग्रमा मनोकामना पूर्ण गराउने र सम्पूर्ण परिवारको कल्याणका लागि यो व्रतको प्रयोजन रहेको धर्मशास्त्रीहरुको मत छ। आत्मावादी र ईश्वरवादी दुवैले यो व्रत लिने गरेका छन् । समग्रमा परिवारको यस लोकमा सुख, शान्ति र पारलौकिक सद् गतिका लागि तीजको व्रतको महत्व छ।

व्रत सकाम, निष्काम, नित्य, नैमित्तिक र काम्यगरी पाँच किसिमका छन् । तीजको व्रत नित्य र काम्य दुवै खालको भएको धर्मशास्त्रीय मान्यता छ । तीजको व्रत हिन्दू मात्रका लागि नभई मानव मात्रका लागि भएको कुरा धर्मशास्त्रीय ग्रन्थहरुमा उल्लेख गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य प्रा डा देवमणि भट्टराईबताउनुहुन्छ।प्राचीनकालमा पुरुषले घर बाहिरको काम गर्ने र महिलाले गृह व्यवस्थापनका काम गर्ने प्रचलन बस्न थाल्यो । महिलाले घरलगायत धर्मकर्मका काम गर्न थालेपछि व्रत बस्ने जिम्मेवारी पनि दिइएको बुझिन्छ। प्रायः घरमा धर्मकर्मका काम महिलाले नै गर्छन् ।

शास्त्रीय रुपमा महिला, पुरुष दुवैले हरितालिका (तीज) को व्रत गर्नुपर्ने भए पनि सामाजिक चर्चा भने महिलाले श्रीमान्को दीर्घायुको कामनाका लागि गर्ने बुझाइ छ। व्रत गर्ने पुरुषले विधुर हुनु नपर्ने, नारीले अटल सौभाग्य र अविवाहित केटा, केटीले गुण सम्पन्न वर वा वधु पाउने शास्त्रीय वचन रहेको उहाँले सुनाउनुभयो ।बिहीबार राति दर खाएपछि औपचारिक रुपमा सुरु हुने तीज पर्व ऋषिपञ्चमीसम्म मनाइन्छ । तृतीयाका दिन हरितालिका व्रत, चौथीका दिन गणेश भगवान्को पूजा र पञ्चमीका दिन स्नानगरी अरुन्धतीसहित सप्तऋषिको पूजागरी तीज समापन हुन्छ।रासस

# प्रधानमन्त्रीद्वारा निजामती कर्मचारीलाई पुरस्कार प्रदान




काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले निजामती सेवा पुरस्कारबाट ४० जना कर्मचारीलाई पुरस्कार प्रदान गर्नुभएको छ । सिंहदरबारमा शनिबार २१औँ निजामती सेवा दिवसका अवसरमा आयोजित कार्यक्रममाउहाँले२०औँनिजामती सेवा दिवसका अवसरमा घोषणा गरिएका कर्मचारीलाई पुरस्कार प्रदान गर्नुभएको हो।

प्रधानमन्त्री ओलीले १० उत्कृष्ट निजामती सेवा पुरस्कार र ३० जना निजामती सेवा पुरस्कार पाउने कर्मचारीलाई ताम्रपत्रसहित पुरस्कृत गर्नुभएको हो।

उत्कृष्ट कर्मचारीमा थानेश्वर गौतम, बुद्धबहादुर गुरुङ, कविन्द नेपाल, मानबहादुर खड्का, रामप्रसाद लम्साल, ढुण्डीराज लामिछाने, चन्द्रप्रसाद मिश्र, सुनिलकुमार केसी, लक्ष्मीकृष्ण हमाल र शुभलक्ष्मी लामा हुनुहुन्छ। उक्त पुरस्कार रु एक लाख राशिको रहेको छ।

प्रधानमन्त्री ओलीले निजामती सेवा पुरस्कार डा रोशनीलक्ष्मी तुईतुई, कुमार घिमिरे, सुकदेव लम्साल, रेविका अमात्य, राजकुमार केसी, होमनाथ भट्टराई, सङ्गीता स्वाँर, डा डमरुवल्लभ पौडेल, नारायणप्रसाद ज्ञवाली, चुडाराज सापकोटा, शोभा गिरी, नरबहादुर नेगी, मीन पौडेल, सुशीला ज्ञवाली, किशोर पन्थीलाई प्रदान गर्नुभयो।

त्यस्तै नवराज तामाङ, सुजन जोजिजु, युक्तप्रसाद सुवेदी, मनिता न्यौपाने, शशिधर सेढाइँ, ठाकुरप्रसाद भट्टराई, मनोजकुमार महतो, राजु कटुवाल क्षेत्री, हुर्मत विक, देवकला अर्याल, उमेश भट्टराई, रामप्रकाश साह, दीपकराज पन्त, शान्ता महर्जन र जवाहरलाल अहिरलाई निजामती सेवा पुरस्कार प्रदान गरिएको छ।उक्त पुरस्कारको राशि रु ५० हजारको छ।

पुरस्कार वितरण समारोहमा मुख्य सचिव एकनारायण अर्यालसहित उच्च पदस्थ कर्मचारीको सहभागिता थियो । सोही कार्यक्रम यस वर्षको उत्कृष्ट निजामती सेवा र निजामती सेवा पुरस्कार घोषणा गरिएको थियो। सरकारले हरेक वर्ष कर्मचारीलाई सर्वोत्कृष्ट, उत्कृष्ट र सेवा पुरस्कार प्रदान गर्दै आइरहेको छ।

यी कर्मचारीले पाए उत्कृष्ट निजामती सेवा पुरस्कार

सरकारले २१औँ निजामती सेवा दिवस, २०८१ को अवसरमा विभिन्न १० कर्मचारीलाई उत्कृष्ट निजामती सेवा पुरस्कार प्रदान गरिने भएको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार निजामती सेवा नियमावली २०५० अनुसार ती कर्मचारीलाई सम्मान गरिनेछ । सो पुरस्कार २०८२ को २२ औं निजामती सेवा दिवसको अवसरमा प्रदान गरिनेछ । सरकारले वर्षभरि सम्पादन गरेको कामका आधारमा निजामती कर्मचारीको नाम छनोट गरी पुरस्कृत गर्दै आएको छ।

उत्कृष्ट निजामती सेवा पुरस्कार पाउने कर्मचारीमा सार्वजनिक खरिद अनुगमन कार्यालय केशरमहलमा कार्यरत सुपरिटेन्डेट इञ्जिनियर रामचन्द्र दैगाल, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय कर्णाली प्रदेशमा कार्यरत प्रदेश सचिव शङ्करबहादुर केसी हुनुहुन्छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा कार्यरत उपसचिव राजुप्रसाद गुरागाईं, कागेश्वरी मनहरा नगरपालिका काठमाडौँका प्रमुख प्रशासकीय अधिकृत सागर मिश्र, अख्तियार दुरुपयोग अनुसन्धान आगोगमा कार्यरत उपसचिव चुडाराज न्यौपाने, गृह मन्त्रालयमा कार्यरत उपसचिव कृष्ण सापकोटाले उत्कृष्ट निजामती सेवा पुरस्कार प्राप्त गर्नुभएको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा कार्यरत उपसचिव चीरञ्जीवी नेपाल, नापी कार्यालय खाँखबारीमा कार्यरत सर्वेक्षक आशा राई, कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालय सुनसरीमा कार्यरत दरोगा बुनु राना, समशितोष्ण बागवानी केन्द्र मार्फा मुस्ताङमा कार्यरत निलबहादुर पुर्जा मगरलाई उत्कृष्ट निजामती सेवा पुरस्कार दिइनेछ।

त्यस्तै, विभिन्न कार्यालयमा कार्यरत ३० कर्मचारीलाई निजामती सेवा पुरस्कार प्रदान गरिएको छ।

मन्त्रालयका अनुसार, सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाका आयोजना निर्देशक मित्र बराल, शिक्षा विकास तथा समन्वय एकाइ धनकुटामा कार्यरुत एकाइ प्रमुख मोहन राई, कोलेनिका बर्दियाका प्रमुख कोष नियन्त्रक शिवप्रसाद चौधरी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारका उपसचिव आनन्द पौडेललाई प्रदान गरिनेछ।

सङ्घीय आयोजना कार्यान्वयन एकाइ कैलालीका सिडिइ रमेश थिङ, क्वारेन्टाइन कार्यालय नेपालगञ्जमा कार्यरत वरिष्ठ बाली संरक्षण अधिकृत काफिल अहमद, सडक विभाग काठमाडौँमा कार्यरत सिडिइ श्यामकुमार यादव र वनस्पति अनुसन्धान केन्द्र कैलालीमा कार्यरत वरिष्ठ वैज्ञानिक अधिकृत गङ्गादत्त भट्टलाई निजामती सेवा पुरस्कार प्रदान गरिनेछ।

यसैगरी नेपाली दूतावास बेइजिङमा कार्यरत उपसचिव (काउन्सेलर) सविता नकर्मी, भीमफेदी गाउँपालिका मकवानपुरमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत केशवराज पार्धे, आन्तरिक राजश्व कार्यालय बानेश्वरमा कार्यरत कर अधिकृत वेदप्रसाद खनाल, लोक सेवा आयोग कमलपोखरीमा कार्यरत शाखा अधिकृत प्रेमकुमार पोखेरललाई पनि उक्त पुरस्कार दिइनेछ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा कार्यरत शाखा अधिकृत शतलसिंह उखेडा, उच्च अदालत तुलसीपुरमा कार्यरत इजलाश अधिकृत कृष्णप्रसाद पौडेल, कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबारमा कार्यरत खाद्य अनुसन्धान अधिकृत सुशिला सिंह, जिल्ला सहकारी वकिल कार्यालय हुम्लामा कार्यरत सहायक जिल्ला न्यायाधिवक्ता शिलुकमा लिंथेप, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयमा कार्यरत शाखा अधिकृत उदयप्रकाश लिम्बू, महालेखा परीक्षकको कार्यालय अनामनगरमा कार्यरत लेखापरीक्षण अधिकारी कृष्णबहादुर खत्रीलाई पनि उक्त पुरस्कार प्रदान गरिनेछ।

यसैगरी जिल्ला प्रशासन कार्यालय दार्चुलामा कार्यरत सहायक प्रमुख जिल्ला अधिकारी हेमन्ती साउद, धरमपानी स्वास्थ्य चौकी प्युठानमा कार्यरत सिनियर अनमी (छैटौं) राममाया गुरुङ, सङ्घीय संसद् सचिवालय सिंहदरबारमा कार्यरत सिनियर अहेव (छैटौं) पुष्पराज रिजाल र राष्ट्रिय किताबखाना (निजामती) हरिहरभवनमा कार्यरत नायब सुब्बा रोशनी नेपाललाई निजामती सेवा पुरस्कार प्रदान गरिनेछ।

अ ख्ति त या र दुरुपयोग अनुसन्धान आयोग कार्यालय टङ्गालमा कार्यरत नायब सुब्बा राजेद्रप्रसाद ढुङ्गाना, राष्ट्रपति कार्यालयमा कार्यरत नायब सुब्बा प्रतिभा काफ्ले, जिल्ला निर्वाचन कार्यालय सिरहामा कार्यरत कम्प्युटर अपरेटर गणपैत यादव, हुम्ला जिल्ला अदालतमा कार्यरत नायब सुब्बा छत्तबहादुर बोगटी, कैलाली जिल्ला अदालतमा कार्यरत डिट्ठा हिरालाल सुनार, युवा तथा खेलकुद मन्त्रालय सिंहदरबारमा कार्यरत हल्का सवारी चालक मानबहादुर दराई, अर्थ मन्त्रालयमा कार्यरत कार्यालय सहयोगी जनक महत र सडक विभाग काठमाडौँमा कार्यरत कार्यालय सहयोगी टहदबहादुर जिरेललाई निजामती सेवा पुरस्कार प्रदान गरिनेछ।

देशलाई 'नन् करप्ट' राष्ट्रका रूपमा चिनाउन कर्मचारीलाई प्रधानमन्त्रीको आग्रह

प्रधानमन्त्री केपी शर्मा ओलीले जनतालाई सहज रूपमा सेवा दिँदै नेपाललाई 'नन् करप्ट' राष्ट्रको पहिचान दिन निजामती सेवाका कर्मचारीहरुलाई आग्रह गर्नुभएको छ।

एक्काइसौँ निजामती सेवा दिवसका अवसरमा शनिबार सिंहदरबारमा आयोजित मूल समारोह समितिको कार्यक्रममा प्रधानमन्त्री ओलीले सुशासन कायम गर्न कर्मचारी वर्ग दत्तचित्त भएर लाग्नुपर्नेमा जोड दिनुभयो । "तपाईँहरु कतै प्रयोग नहुनुस् । भ्रष्टाचार जस्तो दुष्कर्ममा सहभागी नहुनुस् । तपाईँहरुलाई प्रयोग नगरी नेताहरुले पनि भ्रष्टाचार गर्न सक्दैनन् । भ्रष्टाचार गर्ने नेताहरुको रेकर्ड राख्नुस् ।

भाषणमा एउटा र व्यवहारमा अर्को काम गर्ने नेताहरुले ठुला कुरा गर्दा अरु केही गर्न नसके पनि चिन्या छु भनेर मुसुक्क हाँसिदिनुस् ।", प्रधानमन्त्री ओलीले भन्नुभयो, "म चुनौती दिएर भन्छु- म आफू पनि भ्रष्टाचार गर्दिन, अरुलाई पनि त्यसो गर्न दिन्नँ । नेपाललाई हर तरहले समृद्ध बनाउन हामी सबैले आफ्नो ठाउँबाट योगदान गर्नुपर्छ।"

राज्यबाट जनतालाई दिइने सेवामा कुनै कारणले विलम्ब र आलटाल नगर्न निर्देश गर्दै प्रधानमन्त्री ओलीले जनतालाई दुःख नदिइ सकारात्मक अनुभूति दिएर हाम्रा छोराछोरीलाई देशभित्र बस्न लायक बनाउनु सबैको दायित्व भएको बताउनुभयो । उहाँले नेपाली संस्कारभित्र सेवा र पवित्रताको भाव रहेकाले संविधान र कानुनका व्यवस्थाका साथै इमान, कर्तव्य र नैतिकताको बन्धनलाई ध्यानमा राखेर काम गर्न आग्रह गर्नुभयो।

प्रधानमन्त्री ओलीले वर्तमान सरकार देशमा परिवर्तनको नायकत्व लिएका पार्टीहरुको समेत सरकार भएकाले यसले निजामती सेवा विधेयकलगायत महत्वपूर्ण विधेयकलाई छिटो पारितका लागि छलफल प्रक्रिया थाल्ने बताउनुभयो।

उहाँले सरकार ट्रेड युनियन अधिकारलाई सम्मान गर्नुपर्छ भन्नेमा आफू स्पष्ट रहेको बताउनुभयो । उहाँले अधिकार छ भन्दैमा दुई चार जना गएर तालाबन्दी गर्ने, सेवा प्रभावित पार्ने, अत्यावश्यक क्षेत्रमा हडताल गर्ने जस्ता काम उचित नहुने बताउनुभयो । "अहिले नियोजित रुपमा अराजकता सृजना गर्ने र सरकारविरुद्ध हल्ला चलाउन खोजिएको छ।

वास्तवमा यस्तो विरोध नेपाली संस्कारभित्र पर्दैन।"

प्रधानमन्त्री ओलीले विगतमा कर्मचारीको उत्साह थप्न आफूले एकै पटक २५ प्रतिशत तलब वृद्धि गरे पनि हाल मुलुकको आर्थिक अवस्था कमजोर भएकाले आर्थिक सबलीकरणका लागि सबै लागेमा स्थिति सहज हुने बताउनुभयो।रासस

# एकीकृत समाजवादीका अध्यक्ष नेपाल स्वदेश फिर्ता



काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल मित्रराष्ट्र रुसको भ्रमण सम्पन्न गरी शनिबार स्वदेश फिर्ता हुनुभएको छ । उहाँलाई त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थलमा स्वागत गर्न पार्टीका नेता तथा कार्यकर्ता पुग्नुभएको थियो।

रुसमा आयोजित 'मल्टी पोलारिटी फोरम' विषयक अन्तर र्राष्ट्रिय सम्मेलनमा भाग लिन उहाँ यही भदौ १६ गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो । यही भदौ १८ देखि २१ गतेसम्म सञ्चालन भएको सम्मेलनमा अध्यक्ष नेपालले साउथ एसियन इकोनोमिक फोरमको समूहगत छलफलमा भाग लिनुभएको थियो। त्यस अवसरमा अध्यक्ष नेपालले चीन, रुसलगायत विभिन्न देशका कम्युनिष्ट नेताहरूसँग भेटघाट तथा आपसी हितका बारेमा छलफल गर्नुभएको थियो।

अध्यक्ष नेपाल स्वदेश फर्किएसँगै पार्टीका विभिन्न केन्द्रीय विभाग, इन्चार्जसहितको जिम्मेवारी तोकिने तयारी रहेको जनाइएको छ।रासस

# दश जोडीको सामूहिक विवाह



**टुडे समाचारदाता**


जनकपुरधाम। धनुषामा दश जोडीको सामूहिक विवाह भएको छ।

जिल्लाको मिथिला नगरपालिका-२ स्थित बेलाचापीमा दश जोडीले सामूहिक विवाह भएको छ। सतलोक आश्रमममा सन्त रामपालको ७४औं अवतरण दिवसको अवसरमा शनिबार आयोजित समारोहमा दाइजोमुक्त अन्तरजाति विवाह गरिएको अनुयायी रोशन दासले जानकारी दिए।

सन्त रामपालको सान्निध्यमा सन्त गरिबदासद्वारा रचित अमरग्रन्थ पाठ तथा गुरुवाणीसहित १७ मिनेटमा दश नव जोडीको सामूहिक विवाह गरिएको अनुयायी दासले बताए। शुक्रबारदेखि तीन दिवसीय महायज्ञ, अखण्ड पाठ तथा भण्डारा कार्यक्रम भइरहेको उनले बताए।

तीन दिवसीय कार्यक्रमअन्तर्गत दोस्रो दिन दश जनाको विवाह र १ सय ७० जनाले रक्तदान गरेका छ भने तेस्रो दिन आइतबार विभिन्न कार्यक्रम गरी सन्त रामपालको अवतरण दिवस सम्पन्न हुने जनाइएको छ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

### मधेशका लागि ठूलो उपलब्धि

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले एमबीबीएसको कक्षा सञ्चालन अनुमतिसँगै ५० सिटको कोटा पाएको छ। सुविधा सम्पन्न नभएपनि चिकित्सा शास्त्र अध्ययनका लागि प्रतिष्ठान अत्यन्त उपयोगी हो। प्रतिष्ठान अन्तर्गतको प्रादेशिक अस्पतालमा सबै किसिमका रोगीहरुको अत्यधिक चाप हुने भएकाले चिकित्सा शास्त्र अध्ययन गर्ने विद्यार्थीहरुका लागि प्रयोगात्मक कक्षा बढी उपयोगी हुनेछ। प्रतिष्ठान अन्तर्गत दक्ष, अनुभवी र वरिष्ठ चिकित्सकहरु कार्यरत छन्। सरकारी स्तरमा मधेश प्रदेशमा पहिलो पटक मेडिकल कलेज सञ्चालन हुन लागेको छ। यस अघि प्रतिष्ठानले स्नात्तकोत्तरका लागि सीमित सिट पाउने गरेको थियो। पहिलो पटक ५० सिट मात्र दिए पनि सो संख्या आगामी वर्षदेखि नै बढ्ने निश्चित छ। प्रतिष्ठानका उपकुलपति डा.अंकुर साह र रिजष्ट्रार डा.विनोद यादवको समूहले गरेको अथक प्रयास सफल भएको छ। मेडिकल कलेज सञ्चालनसँगै प्रादेशिक अस्पतालमा चिकित्सकको अभाव समेत समाप्त हुनेछ।अध्ययरत्त विद्यार्थी, अध्यापक चिकित्सकहरुको संख्यामा हुने भारी बृद्धिसँगै प्रादेशिक अस्पताल झन समृद्ध हुनेछ।गुणस्तरीय सेवा प्रदान गर्न प्रादेशिक अस्पतालमा अझै भौतिक संरचना र सरसफाइको स्थायी व्यवस्थापनको आवश्यकता छ। प्रतिष्ठानले मेडिकल कलेज सञ्चालनका लागि ५० सिट पाएकै आर्थिक वर्षमा मधेश प्रदेश सरकारले बजेट भने कटौती गरिसकेको छ। जनमत पार्टी नेतृत्वको सरकारले मधेश प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेश कृषि विश्वविद्यालय र मधेश विश्वविद्यालयको बजेटमा भारी कटौती गरेको र अनावश्यक सरकारी हस्तक्षेप गरी धराशायी बनाउने प्रयास गरिरहेको छ। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले सञ्चालन गर्ने एमबीबीएसको कक्षाका लागि प्रयाप्त बजेट सरकारले उपलब्ध गराउनु पर्छ। जनता समाजवादी पार्टी (जसपा) नेपालको सरकारले स्थापना गरेको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेश कृषि विश्वविद्यालय, मधेश विश्वविद्यालयलगायतका महत्वपूर्ण शिक्षण संस्थाहरुको बजेट कटौती नगरी बजेट थप गरी सरकारले शिक्षामा योगदान गर्न लागेको यश लिनुपर्छ। मधेश प्रदेशमा निजी क्षेत्रबाट सञ्चालित नेशनल मेडिकल कलेज वीरगञ्ज र जानकी मेडिकल कलेज धनुषामा रहे पनि त्यसबाट आमनागरिकले भरपर्दो स्वास्थ्य सेवा पाउन सकेको छैन। व्यवसायिक मेडिकल कलेज नाफामुखी रहेकाले बिरामीहरुको चाप समेत न्यून छ। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत अध्ययन गर्ने विद्यार्थीले सबै प्रकारको सुविधा पाउने र त्यसबाट आमनागरिक समेत लाभान्वित हुनेछन्। मधेश प्रदेश सरकारले इर्ष्या मुक्त भएर विश्वविद्यालयलाई समृद्ध बनाउन प्रयाप्त लगानी गर्नुपर्छ। एमबीबीएसको कोटा ल्याउन सफल भएका उपकुलपति डा.साह, रजिष्ट्रार डा.यादवलगायतको टिमलाई हार्दिक बधाई र शुभकामना।

# नेताले जनतालाई सधैं भाषण सुनाउने !



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

केही दिनदेखि प्रधानमन्त्री केपि ओलीसँग काडमाडौंका मेयर बालेन्द्र साह र माओवादीकेन्द्रका सभापति प्रचण्डको जुहारी चलिरहेका छन्। नेताहरुबीच जुहारी चल्दा जनतालाई रमाइलो त लाग्छ नै। हुन त मेयर बालेन्द्र साहले लुम्बिनी प्रदेशकी सभासद् रेखाकुमारी शर्मालाई लक्षित गर्दै सामाजिक सञ्जाल फेसबुकमा उनीमाथि कहिँले कारवाही हुने भनेर प्रधानमन्त्री ओलीमाथि व्यङ्ग्य गरेका थिए। उनले सुशासनको अर्थ सो बालिकाको मृत्युपछि गोहीको आँशु चुहाएर एकलाख रुपैयाँ घोषणा गर्ने हो भनेर सोध्दै "कहिले समाउने ?? कि नसमाउने ??" भनेर प्रति प्रश्न गरेका थिए। त्यसपछि, ओली र बालेनको समर्थकबीच पनि ट्वीटरमा 'अनोफलो युद्ध' पनि चल्यो। ति वालिका आठ बर्षदेखि काठमाडौंस्थित सभासद शर्माको घरमा काम गर्दै थिइन्। दुई महिनाअघि उनलाई काठमाडौं महानगरपालिकाको टोलीले उद्धार गरेको थियो।

प्रधानमन्त्री अलि बढी नै प्रचण्डमाथि कडकिएको देखिन्छ। प्रचण्डलाई ओलीले सत्ताको नेतृत्वमा पुऱ्याए सत्ताबाट हट्न बाध्य पार्ने ओली नै भएकाले उनको विरुद्धमा प्रचण्डले कडा प्रहार थाल्दै आएका छन्। सोको प्रतिउत्तरमा जनयुद्धको विषयमा फरक दृष्टिकोण सार्वजनिक गरेर प्रचण्डलाई घेर्ने प्रयास गरिरहेको बुझिन्छ। गत, शनिवार प्रधानन्त्री ओलीले काठमाडौंमा एक कार्यक्रममा हिंसाको महिमा मण्डन नगर्न माओवादी केन्द्रलाई चेतावनी दिएका हुन्।

अहिले केही दिनदेखि आरोप प्रत्यारोपका साथै नेताहरुको कार्यक्रममा हुटिङग गर्ने गतिविधिपनि देखिन थालिएको छ। सोही क्रममा कर्णाली प्रदेशमा भव्य रुपमा गौंरा पर्व मनाइन्छ। काठमाडौंमा बस्ने गरेका सो प्रदेशका वासिन्दाले एक साताअघि काठमाडौंको टुडिखेलमा सो पर्व मनाउने क्रममा प्रमुख अतिथि प्रधानमन्त्री केपि ओली र अतिथिको रुपमा काँग्रेस सभापति शेरबहादुर देउवालाई आमन्त्रित गरेको थियो। देउवाले मञ्चबाट सम्बोधन गर्न लाग्दा युवाको एक समूहले आपत्तिजनक ढङ्गले होहल्ला गरेका थिए। ति युवा जमातको मनसाय नै होहल्ला गरी शीर्ष नेताहरुको अपमानगर्ने रणनीति थियो जस्तो बुझिन्छ। देउवाले आफ्ना सम्बोधन शुरु गर्नासाथ उनीहरुले पटक पटक अवरोध गरेपछि देउवा आक्रोसित भएको थियो। त्यसपछि, देउवाले लाज लाग्दैन्। ति युवाहरुप्रति लक्षित गर्दै संस्कृति र संस्कार नरहेको भनेर आक्रोस पोखेको थियो। त्यसपछि, उनीहरुले प्रधानमन्त्री ओलीप्रति पनि व्यङ्ग्य गरेका थिए। बङ्गलादेशको घटनापछि नेपालमा नेतालाई अपमानगर्ने मनोवृति देखिन थालिएको छ। यस्ता उच्छृङ्खल गतिविधिले प्रश्रय पायो भने आउँदो दिनमा आफूलाई मन नपरेको नेता वा वक्तालाई बोल्न नदिने, बोल्न लाग्दा होहल्ला गर्ने वा विथोल्ने कुसंस्कार यत्र तत्र सर्वत्र देखिनेछ। यस्ता, गतिविधिले खेल्ने अवसर पायो भने देशको हितमा हुँदैन भन्ने हेक्का सवैलाई राख्नुपर्छ। पदीय मर्यादाको ख्याल राख्नुपर्छ। हुन त गृहमन्त्रालयले यस घटनामा संलग्न तीनजनालाई पक्राउ गऱ्यो। भारतलगायत अन्य कुनैपनि मुलुकमा राष्ट्रपति र प्रधानमन्त्रीको सम्मानमा आँच पुऱ्याउने कार्य गरेको खण्डमा कारवाही हुने गर्दछ।

यो पहिलो घटना पक्कै होइन। झलनाथ खनाल र प्रचण्डमाथि अशिष्ट व्यवहार नै भएको थियो। सुशील कोइरालामाथि अभद्र व्यवहारको प्रयास हुनु साथै माधवकुमार नेपाललाई आफ्नै निर्वाचन क्षेत्रमा आक्रमणको प्रयास भएको थियो। यस प्रकारको घटनाले अराजकता निम्त्याउँछ। त्यसकारण, यस प्रकारका घटनालाई राम्रो मान्न सकिँदैन्।

अर्कोतर्फ, पुराना नेताहरुलाई पनि जनताको मनोभावलाई ध्यानमा राखेर सम्बोधन गर्नुपर्ने हो। बोल्ने बेलामा समयलाई पनि ध्यान दिने हो। विगत तीस बर्षदेखि जनता भाषण सुन्दै आएको कै हो। पटक पटक प्रधानमन्त्री भएर पनि जनतासँग गरेका वाचा पुरा गर्न नसकेपछि अव जनता तपाईहरुको कुरा कति सुन्ने ? तपाईहरु जनताको कुरा कहिँले सुन्ने ? यसो गरौं ! ठूल्ठुला नेतालाई दर्शक दिर्घामा राखेर सर्वसाधारण जनतालाई मञ्चबाट सम्बोधन गर्न दिनुपर्छ। त्यसपछि, नेताहरुलाई जनताको वास्तविक पीडा, मनको व्यथाबारे थाहा हुन्छ। त्यतिकै होइन कि तपाईहरुको भाषण सुन्दा श्रोता कतिको दिक्कदारीको अनुभूति हुन्छ, त्यस्तो अनुभूति नेताजीहरुलाई पनि ग्रहण गर्नु पर्दछ। नेताको भाषणले कुनै सत्मार्गमा हिड्ने प्रेरणा मिल्ने होइन्। व्यापार, व्यवसायका लागि कुनै मार्ग दर्शनपनि प्राप्त हुने होइन्। सत्ताधारी पक्षका नेता वा मन्त्रीले मुलुकको विकासको योजना सुनाउँछ। प्रतिपक्षले सरकारको विरुद्धमा भाषण सुनाउँछन्। नेपाललाई स्वीटजरलेण्ड बनाउँदा बनाउँदा नेताहरुले 'मजदुर निर्यात लेन्ड' बनाइसकेको अनुभूति भइरहेको छ। अव, नेता गाउँमा पुगेपछि सर्वसाधारण जनताले नेताहरुलाई भाषण सुनाउने परिपार्टी ल्याउनुपर्छ। त्यसपछि, नेतामा जनताको समस्या थाहा हुने र सुध्रिने सम्भावना बढ्दै जानेछ। सार्वजनिकस्थल बोलाएर दिक्क लगाउँछ, आफू नेताजी सवैभन्दा पछाडि आउने भाषण दिने अनि हिँडने गर्छन्। जनता भाषणको नाम सुन्न चाँहदैनन्। नेतालार्य जनताप्रति उत्तरदायित्वको भूमिका निर्वाह इमान्दारीपूर्वक गर्नुपर्छ।

**नेता कस्तो हुनुपर्ने ?**

राजनीतिज्ञमा मुलुक र जनताप्रति समर्पनको भावना हुनुपर्ने र कानुनी राज्यको अवधारणालाई पूर्णपालना गर्नका लागि प्रतिबद्ध रहनुपर्ने हो। राजनीतिक संस्कार बोकेको नेताले संविधानको अक्षरशः पालना गर्छन्। तर, नेपालमा २०४७ सालको संविधानदेखि अहिले गणतान्त्रिक संविधानसम्म आइपुग्दा दर्जनौंपटक नेताहरुले संविधानलाई आफ्नै ढङ्गले व्याख्या गर्दै आएका छन्।

संविधानमार्फत निर्वाचित भएपछि देश र जनताको नाममा खाएको शपथ पदभार ग्रहण गर्नासाथ विर्सने परिपाटी अझैंपनि कायमनै छ। बास्तवमा सत्तामा पुग्नासाथ नेतामा त्यागको भावना हुनुपर्ने र आफ्ना मातहतका कर्मचारीलाई पनि अनुशासनमा राख्नु कठोर हुनुपर्छ। त्यो तव सम्भव हुन्छ, जव नेतामा लोभ हुँदैन्। त्यसपछि, कर्मचारीपनि स्वतः इमान्दार हुनेछ। आफू नेतिकता नदेखाउने अनि अरुले नैतिकताका साथ कार्य गरोस भन्ने चाहना राख्नु बेइमानी हो। संविधानले हरेक क्षेत्रमा समावेशीको व्यवस्था गरेको छ। भर्खरै, सरकारले एक दर्जन राजदुतको नियुक्तिको सिफारिस गर्दा समावेशीको सिद्धान्तको पालना गरेको देखिएन्। सत्तामा पुगेपछि आफ्नै आसेपासेलाई राजनीतिक नियुक्ति गराउनेतर्फ बढी तल्लीन रहन्छ। कोशी प्रदेशमा काँग्रेस साझेदार दल हो। पार्टीभित्र गुटबन्दीको कारण मन्त्रीको सूची दिन नसकेको अवस्था छ। पार्टी सभापतिको दायित्व सवैलाई समेटेर हिड्नुपर्ने हो। यस्तो अवस्थामा भोलि देउवाजी कोशी प्रदेशमा आउनु भयो भने टुडिखेलजस्तो घटना नदोहरिने भन्न सकिन्न।

मुलुकमा नयाँ संविधानमार्फत दुईपटक प्रतिनिधिसभाको निर्वाचन भइसकेको छ। मुलुकको राजनीतिलाई स्थायित्व ग्रहण गरिसक्नुपर्ने थियो। तर, नेपालको राजनीति अहिलेपनि तरल अवस्थामैं रहेको अनुभूति भइरहेको छ। मुलुक सङ्घीय गणतान्त्रिक व्यवस्थामा प्रवेश गरेपछि पनि नेताहरुले जनतासमक्ष गरेका प्रतिबद्धता पुरा गर्नमा असमर्थ रहनु, उद्योग एवम् व्यवसाय फस्टाउन नसक्नु र विकासमा पछाडि परेपछि नेताहरुले समाजबाट पाउनुपर्ने मान सम्मानमा कमी आएको छ। खासगरी, पटक पटक प्रधानमन्त्री बनेपनि उनीहरुमा पदमैं बसेर स्वर्गारोहन हुने उत्कट उत्कट चाहना छ, जस्तो बुझिन्छ। सोही कारणले हो कि पार्टीको नेतृत्व अन्य कसैलाई सुम्पिन नचाहेको हो। काँग्रेस सभापति शेरबहादुर दुईपटकको कार्यकाल पुरा गरिसकेका छन्। काँग्रेसको विधानअनुसार सभापति पदमा लगातार दुईपटक मात्र चयन हुने प्रावधान छ। केपि ओली, माधवकुमार नेपाल र प्रचण्ड,उपेन्द्र यादव, महन्थ ठाकुर र महेन्द्र यादव विधिवत रुपमा पार्टी अध्यक्ष पदमा विराजमान छन्।

राजनीतिक संस्कार नबसेको अवस्थामा कतिपय नेतृत्वकर्ता जसरी भएपनि सत्तासिन हुनका लागि समाजमा जातीय, क्षेत्रीय, भाषालगायत कतिपय विषयमा वैमन्स्यता फैलाउनेतर्फ उद्यत रहन्छन्। जुन मुलुकमा राजनीतिक अस्थिरता छ, त्यहाँ सवैभन्दा बढी साम्प्रदायिक तनाव सृजना हुन्छ र राजनीतिक फाईदाका लागि चलखेल भइरहन्छ। मुलुकको शासनसत्ताका लागि जनताबीच वैमन्स्यता फैलाउने कार्यबाट सचेत रहनुपर्ने हुन्छ। जातीय, धार्मिक विद्वेष फैलाएर एकपल्टका लागि सत्ता हत्याउन सकिन्छ। तर, त्यो सत्ताले निरन्तरता दिँदैन्। यस्तो परिस्थितिबाट जोगाउनका लागि राजनीतिक संस्कारको सम्बन्धमा चेतना फैलाउने कार्यलाई प्राथमिकता दिनुपर्छ नत्र भने मुलुकको अधोगति निश्चित छ।

**अव प्रचण्ड के गर्लां ?**

पुष्पकमल दाहाल राजनीतिक जीवनमा पर्दापन गरेको केही बर्षमैं नेकपा मसालको केन्द्रीय सदस्य हुँदै महासचिव पदमा पुग्यो। २०५२ सालमा जनयुद्धको घोषणाअगावै एकताकेन्द्रबाट पार्टीलाई नेकपा (माओवादी) पार्टीको रुपमा नामाकरण गरेको थियो। त्यो बेलादेखि अहिलेसम्म पार्टीको जिम्मेवारी सम्हाल्दै आइरहेका छन्। तीनपटक प्रचण्ड प्रधानमन्त्री भइसकेका हुन्। पटक पटक दललाई सरकारमा सहभागी गराउनमा सफलपनि रह्यो। प्रचण्ड नेतृत्वको माओवादी केन्द्र यतिखेर, केन्द्रदेखि प्रदेशसम्म सत्ताविहीन अवस्थामा पुगेका छन्। नेपालको राजनीतिमा तेस्रो शक्तिका साथै आफ्ना व्यक्तित्वको उचाईको आधारमा उच्च छवि थियो। प्रधानमन्त्री बनेर पटक पटक सहयोगी दल हेरफेर गर्दा उनको छविमा धक्का त लागेकै हो। लामो समयसम्म सत्तासुखको सुखमा रमाएका प्रचण्डको आगामी दिनको राजनीतिक कदम कस्तो हुनेछ ? पटक पटक विभाजनमा परेका माओवादी पार्टीलाई एकीकृत गर्न सक्छन ? के पुनः सत्ताको साँचोको खोज्ने रणनीति बनाउनमा लागेको त होइन ? प्रचण्ड अव के गर्नेछ भनेर सर्वसाधारणको खासै चासोको विषय नभएपनि सञ्चारजगतले उनको गतिविधि नियाल्ने प्रयास गर्नु स्वभाविक हो। किनकी, नेपालको राजनीतिमा प्रचण्ड अहिलेपनि तेस्रो शक्तिको रुपमा स्थापित छ। योपनि सत्य हो कि अहिलेकै अवस्था रह्यो, काँग्रेस र एमालेमध्ये कुनै एक दलले माओवादीकेन्द्रसँग आउँदो निर्वाचनमा चुनावी तालमेल गरेन भने पार्टीको अवस्था पुरानो मसालजस्तै हुने सम्भावनालाई नकार्न सकिँदैन्।

सत्ताको नेतृत्ववकर्ता माओवादी केन्द्र प्रतिपक्षको भूमिका छन्। जहिलेपनि सत्ताको साँचो आफ्नो हातमा रहेको दावि गर्ने प्रचण्ड सो साँचो कसरी, कतिखेर फुत्किए, थाहापनि पाउन सकेन्। केपि ओलीको रणनीति सम्झन नसकेपछि प्रचण्ड सत्ताबाट हट्नु परयो। प्रचण्डले सत्ता समीकरणबाट काँग्रेसलाई हटाएपछि संसदमा विश्वासमत लिने बेलामा ओलीले देउवालाई रोष्टमबाट नै कुरा गर्न निम्तो दिएको थियो। यसो हेर्दा, न्यूटनको तेस्रो नियमजस्तै ओलीले प्रचण्डमाथि उपयोग गरेको देखिन्छ।

प्रचण्डले २०६४ सालमा मतदानगर्ने मतदाताको सूची तयार गर्नका लागि कार्यकर्तालाई निर्देश दिएपछि अन्ततः सत्ताको खेललाई विराम दिएर पार्टीको सङ्गठन मजबुत बनाउनतर्फ अग्रसर रहने सङ्केत गरेको छ। तर, प्रश्न उठ्छ कि सत्रह बर्षपछि प्रचण्डलाई २०६४को मतदाता स्मरणमा आएको हो। प्रचण्डले रुक्माङ्गत कटुवाललाई बर्खास्त गर्नुअगावै सो मतदाताको स्मरण गरेको भए, आज प्रचण्ड प्रतापी प्रधानमन्त्रीको सूचीमा हुन्थे। नदीमा धैरै पानी बगिसकेको छ। भारतमा काँग्रेसको समग्रमा ६० बर्षसम्म सरकारको नेतृत्व गऱ्यो। एकपल्ट चिप्लिएपछि गठबन्धनको सहयोगमा पनि दुईपटक विपक्षी पार्टी पनि बन्न सकेन्। भारतको संविधानमा विपक्षी दल बन्नका लागि कमेकम लोकसभाको निर्वाचित सिटमध्ये १० प्रतिशत सिटमा जित्नु पर्छ। तेस्रोपटक विपक्षी पार्टी बन्ने सपना साकार भएको छ। तापनि, ५४० संसदीय क्षेत्रमध्ये काँग्रेस पार्टीले १०० सिट कटाउन सकेन्। प्रचण्डपनि पहिलोपटक एमाले र दोश्रोपटक काँग्रेससँग चुनावी तालमेल गऱ्यो आउँदो निर्वाचनमा आफ्नै वलमा चुनाव लड्यो भने बल्ल माओवादीकेन्द्र कतिको जनमत बटुलेको कि गुमाएको भन्ने विषयमा बास्तविक जानकारी प्राप्त हुनेछ।

प्रचण्ड सत्ताबाट हटेपछि पार्टीभित्र ठूलो आक्रोस उत्पन्न भएको थियो। प्रचण्डले आफूलाई परिस्थितिअनुकुल ढाल्ने क्षमता राख्छ,। प्रचण्डले बढी समय पार्टीको सङ्गठनतर्फ दिने सम्भावना छ। पार्टीभित्र अन्तर्विरोधको समाधानलाई पहिलो प्राथमिकतामा राख्नेछ। त्यसपछि, प्रतिपक्षको धर्म निर्वाह गर्दै सरकारविरुद्ध संसद र सडकमा विरोधगर्ने रणनीति बनाउँछ। यसका साथै, टुक्रा टुक्रामा विभाजित भएका माओवादी पार्टीलाई एक्यबद्ध पार्ने प्रयासपनि गर्नेछ। यसअघि, प्रयास गरिएको थियो। सम्पूर्ण बामपन्थी एक्यबद्ध हुने प्रयास सम्भव नभएपनि साना बामपन्थी पार्टीलाई समेटेर सङ्गठन मजबुत बनाउने नीति देखिन्छ। 'इतिश्री'

# सन्दर्भ निजामती सेवा दिवस, मुलुकको समृद्धि र सेवा प्रवाहमा निजामती प्रशासन



गजेन्द्रकुमार ठाकुर

'व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन' भन्ने नाराका साथ आज निजामती सेवा दिवस मनाइएको छ। २०१३ भदौ २२ गते निजामती सेवा ऐन जारी भएको स्मरणमा २०६१ सालदेखि सरकारले निजामती सेवा दिवस मनाउँदै आएको हो। क्रमसत्याको हिसाबले यस वर्षको दिवस २१औं निजामती सेवा दिवस हो। विसं २०१३ मा तत्कालीन प्रधानमन्त्री टङ्कप्रसाद आचार्यको सरकारले यो ऐन जारी गरेको थियो। त्यसयताको ६७ वर्षको इतिहासमा निजामती प्रशासन सार्वजनिक प्रशासनको मूल आधारको रुपमा रहँदै आएको छ। लामो विगतको विरासतका रुपमा रहेको र निजामती सेवासम्बन्धी कानुनअनुसार सञ्चालनमा रहेको सेवाका रुपमा निजामती सेवाका आफ्नै मौलिक मूल्य मान्यताहरु रहेका छन्। अबको निजामती प्रशासनलाई प्रविधिमैत्री बनाइ सरल र सहज रुपमा सेवा प्रवाह गर्नुपर्नेछ। राज्यको नीति, योजना, कार्यक्रम र बजेट कार्यान्वयन गर्ने प्रमुख संयन्त्रको रुपमा रहेको निजामती प्रशासन निष्पक्ष र जनउत्तरदायी हुनुपर्छ।

सूचना र प्रविधिलाई उच्च रुपमा प्रयोग गरी सेवाग्राहीलाई सहज रुपमा सेवा प्रवाहगर्नु नै निजामती प्रशासनको मुख्यध्येय रहनुपर्छ। निजामती प्रशासन स्थायी सरकार भएकाले कुनै राजनीतिक दबाब, प्रभावमा नपरी अनुसाशित भई देश र जनतालाई केन्द्रमा राखी कर्तव्यनिष्ठाबाट चुक्नु हुँदैन। नेपालको विभिन्न शासकीय व्यवस्थामा निजामती सेवाले आफ्नो सक्रिय सहभागिता जनाउँदै पनि आएको छ। लोकतान्त्रिक शासन व्यवस्थामा यसको भूमिका र जिम्मेवारी अझ गहन रहेको छ। मुलुकमा उत्पन्न हुने विभिन्न प्राकृतिक विपद्का समयमा पनि राष्ट्रसेवकले सम्पादन गर्ने कामबाट जनताले पाउने सेवा अझ बढी अनुभूति गरेका हुन्छन्। निजामती कर्मचारीले सिर्जनशील भएर सेवा प्रवाह गर्न प्रविधिमैत्री भई यसको प्रयोग बढाउन र इमान्दारितापूर्वक काम गर्न सकेको अवस्थामा मात्रै देशको समृद्धि र जनताले सेवा पाउन सक्छन्।

नयाँ संविधान जारी भएपश्चात मुलुक सङ्घीय संरचनामा रुपान्तरित भयो। नजिकको सरकारबाट सेवा सुविधा पाउने त भनियो तर समयमा मार्गदर्शक कानुन जारी हुन नसक्दा सेवामा संलग्न जनशक्ति अन्योलमा रहन पुगे। संविधान जारी भएको लामो समय वितिसक्दा पनि सङ्घीय निजामती सेवा ऐन नहुँदा निजामती सेवालाई प्रभावकारी बनाउन समस्या भइरहेको छ। ऐन अभावले कर्मचारी व्यवस्थापन, परिचालन र क्षमता अभिवृद्धिमा चुनौती भइरहेको छ।आज सङ्घीय निजामती दिवस मनाइरहँदा ऐनको अभावमा निजामती सेवालाई चुस्त, प्रभावकारी र निजामती कर्मचारीलाई जनउत्तरदायी बनाउन समस्या परेको छ। स्थायी सरकारको रुपमा लिइने निजामती सेवालाई व्यवस्थित र परिचालन गर्ने सङ्घीय छाता ऐन नहुँदा प्रदेश निजामती सेवा ऐन पनि कार्यान्वयनमा कठिनाइ भइरहेको छ।

संविधान जारी भएको लामो समयसम्म पनि सङ्घीय निजामती ऐन जारी हुन नसक्दछ निजामती सेवामा समस्या भइरहेको छ,ऐनको अभावमा कर्मचारी व्यवस्थापन, परिचालन र उनीहरुको क्षमता अभिवृद्धिमा चुनौती बढेको छ। निजामती सेवा ऐन समयमा नआएर धेरै अफ्ठ्यारो भइरहेको अवस्था छ। मुलुक सङ्घीयतामा गइसकेपछि संविधानको व्यवस्था अनुरुप सङ्घीय ऐनसँग बाझिएको खण्डमा प्रादेशिक ऐन वा स्थानीय ऐन स्वतः खारेजी हुनेछ भनिएको छ। प्रदेशमा निजामती सेवा ऐन बनेपनि सङ्घीय छाता ऐन नहुँदा त्यो कार्यान्वयन हुन सकिरहेको छैन। सरकारले सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० सङ्घीय संसद्मा पेस गरिसकेको छ।

प्रतिनिधिसभामा दफाबार छलफल भएको उक्त विधेयक अहिले दफाबार छलफलका लागि समितिमा पठाइएको छ।निजामती सेवा नेपालको महत्वपूर्ण सेवा भएको र यो स्थायी सरकारको रुपमा रहेको भन्दै देश सञ्चालन गर्नको लागि चाहिने नीति निर्माण कार्यान्वयन र त्यसको अनुगमन, मूल्याङ्कन सबैमा यसको महत्वपूर्ण भूमिका रहन्छ। उपयुक्त कार्यमा निजामती कर्मचारीहरु विगतदेखिनै संलग्न भइरहका तथा राज्यका सम्पूर्ण निकायमा यसको पहुँच रहेको छ। सबै मन्त्रालयमा यसको प्रभाव छ। उदाहरणको रुपमा गृहमन्त्रालयमा माथिल्लो काम गर्ने कर्मचारी सबै निजामती सेवाबाटै आएका हुन्छन्। सैनिक सेवामा पनि समन्वयको काम निजामती कर्मचारीबाटै हुन्छ। शिक्षामा पनि मन्त्रालयमा समन्वय र सहकार्य गर्ने सबै निजामती सेवाकै कर्मचारी हुन्छन्।

त्यस्तै अन्तर्राष्ट्रियस्तरमा पनि समन्वय र सहकार्यको काम निजामती सेवाका कर्मचारीबाटै हुने गरेको छ। भन्नुको मतलव देश निर्माणका लागि चाहिने नीति निर्माण बनाउने, संस्थागत विकास गर्ने तथा बनाइएका नीति नियमको परिपालना गर्ने गराउने र त्यसबाट कस्तो किसिमको परिणाम आयो त्यसको मूल्याङ्कन, अनुगमन गर्ने र पूर्ण समीक्षा गर्ने यो व्यवस्थापकीय पूरै चक्रमा निजामती सेवाको महत्वपूर्ण भूमिका रहेको छ। अहिले पुरानो निजामती सेव ऐन २०४९ अनुसार निजामती प्रशासन सञ्चालनमा छ। उक्त ऐनअनुसार देश सङ्घीय गणतन्त्रातम व्यवस्थामा गइसकेपछि पुरानो ऐनको राम्रो पक्ष पनि अवलम्बन गर्न नसकिएको र नयाँ ऐन पनि नआएका कारण समस्या भएको छ। एउटा ऐनविहीन अवस्था भइसकेको छ। जसले गर्दा कर्मचारीको व्यवस्थापन गर्न, कर्मचारी परिचालन गर्न र उनीहरुको क्षमताअभिवृद्धि गर्न समस्या भइरहेको छ। निजामती ऐन ढिलो आउनुमा कुनै एउटा पक्षको कमीकमजोरी भन्दा पनि समष्टिगत रुपमा हेर्नुपर्ने हुन्छ। राजनीतिक अस्थिरताका कारण पनि निजामती सेवा ऐन समयमै आउन सकिरहेको छैन।

यो राजनीतिक विषय पनि हो। निजामती सेवा ऐनको समयमै मस्यौदा तयार गरेर संसद् र संसदीय समितिमा पुगेको विधेयक अड्कियो। त्यहाँ राजनीतिक दलहरुबीच समझदारी नहुँदा विधेयकले गति लिनसकेको छैन। संसदीय समितिमा पनि धेरै संशोधनको धेरै कुरा आएको छ। तर, हामी आशावादी छौं यो ऐन चाँडै प्रक्रियामा गएर पारित हुनेछ। वर्तमान सन्दर्भमा हाल रहेका राजनीतिक दलहरुबीच सशक्त र जुझारुखालको निजामती सेवा बनाउने गरी सङ्घीय निजामती ऐन जारी गर्ने कार्य गर्न सकेमा यस वर्षको निजामती सेवा दिवसको सार्थकता रहने देखिन्छ।

स्थायी सरकारको रुपमा लिइने निजामती कर्मचारी कार्यअवधि नसकिदै चाँडो चाँडो सरुवा हुने परिपाटीले पनि कर्मचारी प्रशासनमा केही समस्या ल्याएको छ। कर्मचारीको समग्र व्यवस्थापन र परिचालनका लागि ऐन कानुनको महत्वपूर्ण भूमिका हुने गर्दछ। ऐनको अभावमा प्रशासनिक र व्यवस्थापकीय कार्य चुनौतीपूर्ण बन्दै गएको छ। ऐन नै नभएपछि कुन चिजलाई पालना गर्ने, त्यसैले जुन कार्यालयमा जसले नेतृत्व गरेको हुन्छ, उहाँहरुले गरेको निर्णलाई आधार मानेर जानुपर्ने बाध्यता छ। अहिलेको मुख्य समस्या ऐन नै नभएकाले कर्मचारीको व्यक्तिगत र मनोमानी रुपमा सरुवा गर्ने प्रवृत्ति बढिरहेको छ।

पहिले यस्तो थिएन। निश्चित अवधि तोकिएको हुन्थ्यो, व्यवहारमा पनि लागू हुन्थ्यो यसको समाधान ऐन आएपछि नै हुन्छ। कर्मचारीचन्त्रमा पनि राम्रा र खराब मान्छे दुबै हुन्छन्। सर्वोत्कृष्ट कर्मचारीको मापदण्ड बनाएर तल्लो तहदेखि माथिल्लो स्तरसम्मका कर्मचारीमा पारदर्शी वातावरण बनाउन सकेको भए निश्चयनै नेपालमा धेरै उत्कृष्ट कर्मचारी छन् योग्य र सक्षम छन्। तर, मापदण्डको अभावमा अन्तिम समयमा निश्चित क्षेत्रमा खोजेर उत्कृष्ट कर्मचारी पाउन कठिन हुन्छ निजामती प्रशासनमा वित्तीय अनुशासनको कुरा पनि आउने गरेको छ। अख्तियार दुरुपुयोग अनुसन्धान आयोगको त्रासले कर्मचारीहरु निर्णय प्रक्रियामा डराउने प्रवृत्ति पनि पछिल्लो समय देखिएको छ। वित्तीय उत्तरदायित्वका लागि आर्थिक ऐन तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली २०७६ को पालना गर्नु निजामती कर्मचारीको कर्तव्य हो। कर्मचारीमा चाँडो सरुवा हुँदा विषय विज्ञता र निर्णय क्षमताको पनि कमी हुन्छ। अर्कोकुरा कर्मचारीमा पनि सबै राम्रा छन् भन्न सकिन्न, केहीको अज्ञानता र गलत मनसायले पनि नकारात्मक आचरणमा लागेका हुन्छन्। त्यसैले ऐन कानुनको कसैले उल्लङ्घन गरेमा। निर्णय प्रक्रियामा आर्थिक ऐन विपरीत गएमा अख्तियारजस्ता नियमक निकायले अनुसन्धान र छानबिन गरेर कानुनी दायरामा ल्याउनुपर्ने विषय स्वभाविक हुन्। अन्त्यमा निजामती सेवाको आदर्श र यस क्षेत्रमा अन्य क्षेत्रबाट हुने व्यवहारले सुशाशन र प्रशासनप्रति जनविश्वास जाहेर गर्दछ।(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता हुनुहुन्छ)रासस

# मन फराकिलो बनाएर संवाद गरेमा नेपाल-भारतबीचका समस्या समाधान गर्न सकिन्छः प्रधानमन्त्री




काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले फराकिलो मन र सहनशील भएर संवाद गरेमा नेपाल-भारतबीचका समस्या सहज रूपमा समाधान गर्न नसकिने बताउनुभएको छ।

जलस्रोत विकास संस्थाद्वारा प्रधानमन्त्री निवासमा शनिबार आयोजित पूर्वप्रशासक सूर्यनाथ उपाध्यायको 'अन्तर्राष्ट्रिय जलप्रवाह कानुन : नेपाल-भारत सहकार्यको दृष्टिकोण' पुस्तकको विमोचन गर्दै प्रधानमन्त्रीले नेपाल-भारतबीचमा धेरै नभए पनि केही समस्या रहेका र तिनको समाधानका लागि आफ्नो प्रस्तावमा दुवै प्रधानमन्त्रीबीचको सहमतिमा प्रबुद्ध व्यक्तिहरुको समूह ९इपिजी० गठन गरिएको बताउनुभयो। "इपिजीको प्रतिवेदन बुझ्ने-बुझाउने मौका अहिलेसम्म मिलेको छैन। नेपाली पक्षले प्रतिवेदन बुझ्न नभ्याउने कुरै भएन। भारतीय पक्षको पनि प्रतिवेदन बुझ्न अब समय मिल्ला भन्ने लागेको छ । प्रतिवेदन बुझेपछि दुवै मुलुकका बीचमा थाती रहेका विषयमा छलफल गर्न सहज हुन्छ ।", प्रधानमन्त्री ओलीले भन्नुभयो, "भारत उन्नत संस्कृति भएको छिमेकी मित्र हो। हामीले खुलस्त रूपमा छिमेकीसँग कुरा गर्नुपर्छ। खुल्ला कुरा राख्न नसकेर भूराजनीतिको टाउकामा दोष थोपर्न मिल्दैन । सत्ता प्राप्त गर्न र टिकाउन हामीले जे पनि गर्नु हुँदैन ।"भूराजनीति शब्दलाई आफ्ना स्वार्थी कामको ढाकछोपका लागि प्रयोग गर्न नहुने तर्क गर्दै प्रधानमन्त्री ओलीले विदेशमा बसेर आफ्नो देशका प्रमुखलाई विरोध गर्ने संस्कृति नेपाली संस्कृति नभएको स्पष्ट गर्नुभयो । "पहिला पहिलाका वैदेशिक सम्बन्धहरु बल हुनेले जसरी मिच्न सक्छ, त्यसैका आधारमा हुन्थ्यो। दोस्रो विश्वयुद्धपछि अनेक अन्तर्राष्ट्रिय सन्धिसम्झौताअनुसार रहेर कुनै पनि देशले आफ्ना राष्ट्रिय हितलाई तर्कपूर्ण र न्यायोचितरुपमा प्रस्तुत गर्नुपर्छ। साझा स्रोतमा काम गर्दा एकपक्षीय रुपमा काम गर्नु हुँदैन। दुवै पक्षको सहमति र छलफलका आधारमा गरिनुपर्छ", सरकारले सुशासन, देश र जनतालाई केन्द्रमा राखेर सोचिरहेको बताउँदै उहाँले लोकतन्त्रका नाममा अराजकता हुन नहुने भनाइ राख्नुभयो ।संयुक्त राष्ट्रसङ्घको मर्म र विभिन्न देशमा भएका अभ्यासको अध्ययनका आधारमा उपाध्यायले पुस्तक तयार गरेर बौद्धिक योगदान दिएको बताउँदै प्रधानमन्त्री ओलीले पुस्तकमा अन्तर्राष्ट्रिय मान्यतासहितको न्यायोचित राष्ट्रवाद प्रकट भएको र त्यसका आधारमा थप बहस गर्न सकिने बताउनुभयो ।पुस्तकको समीक्षा गर्दै संविधानविद् डा विपीन अधिकारीले देशमा उपलब्ध अपार जलसम्पदाको उपयोग गर्नेगरी छिमेकी मुलुकसँग संवाद गर्न सक्नुपर्नेमा जोड दिनुभएको थियो ।रासस

# संविधान दिवस, २०८१ विशेष रुपमा मनाइने




काठमाण्डु। नेपाल सरकारले संविधान दिवस (राष्ट्रिय दिवस), २०८१ तीन दिनसम्म विभिन्न कार्यक्रम गरी विशेष रुपमा मनाउने भएको छ।

संविधानसभाबाट नेपालको संविधान २०७२ असोज ३ गते जारी भएको ऐतिहासिक दिनलाई सदाभैँ स्मरणीय र हर्षोल्लासका साथ दिवस मनाउन प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा मूल समारोह समिति गठन गरिएको छ । मूल समारोहका कार्यक्रमको प्रभावकारी व्यवस्थापनका लागि विभिन्न उपसमितिसमेत गठन गरिएको छ।

समितिले आगामी असोज २, ३ र ४ गते तीन दिनसम्म नेपालभित्र र विदेशस्थित नेपाली दूतावास तथा नियोगहरुमा दीपावलीलगायत कार्यक्रम गर्ने तथा असोज ३ गते संविधान दिवस मनाउने निर्णय गरेको हो । समितिको निर्देशानुसार असोज २ गते सङ्घीय सरकार तथा केन्द्रीयस्तरका कार्यक्रमअन्तर्गत संविधानका विषयमा केन्द्रित विशेष संवाद, परिसंवाद, रेडियो नाटकलगायत जनचेतनामूलक कार्यक्रमहरूको निर्माण, सञ्चालन तथा प्रसारण गर्ने व्यवस्था मिलाइएको छ।

त्यस्तै, राष्ट्रियस्तरका छापा सञ्चार गृहहरूलाई संविधान दिवस (राष्ट्रिय दिवस) को उपलक्ष्यमा विशेषाङ्क/स्मारिका प्रकाशन गर्नाका साथै संविधानको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख-रचनाहरूको सँगालो प्रकाशन गर्न अनुरोध गर्ने समितिले निर्णय गरेको छ । रेडियो नेपाल, नेपाल टेलिभिजन, सामुदायिक एवं निजी क्षेत्रका अन्य विद्युतीय तथा छापा सञ्चारमाध्यमहरूबाट संविधानको महत्वको बारेमा कार्यक्रम प्रसारण/प्रकाशन गराउने तथा परिसंवाद कार्यक्रम सञ्चालन गरिने समितिले जनाएको छ।

त्यस्तै, सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, सङ्घसंस्थाका कार्यालयहरूको छत, बरन्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झन्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरबार स्क्वायर जस्ता क्षेत्र र सबै सरकारी तथा गैरसरकारी कार्यालयमा दीप प्रज्वलन गर्ने व्यवस्था मिलाइने छ। आम नागरिकलाई आ-आफ्नो घरको छत, बरन्डामा राष्ट्रिय झन्डा सजाउन र साँझ दीपावली गर्न आह्वान गर्ने, सम्भाव्य फराकिला सार्वजनिक चोकहरूमा राष्ट्रिय गान र राष्ट्रभक्तिका साङ्गीतिक महोत्सव आयोजना गरिने छ।

आगामी असोज ३ गते नेपाली सेनाद्वारा सैनिक मञ्च, टुँडिखेलमा बिहान सूर्योदयसँगै बिगुल (रिभ्याली) बजाउने तथा तोप र बन्दुकको बढाइँ (स्याल्भो र भली फायर) गरिने छ। नेपाली सेनाको हेलिकप्टरबाट 'संविधान दिवस, २०८१' अङ्कित ब्यानर रिङ्गरोड वारपार प्रदर्शन गर्ने तथा नेपाली सैनिक मञ्च, टुँडिखेलमा हेलिकप्टरबाट पुष्पवृष्टि र ब्यानर प्रदर्शन गर्ने कार्यक्रम छ । नेपाली सैनिक मञ्च, टुँडिखेलमा संविधान दिवस, २०८१ को औपचारिक मूल समारोह आयोजना गर्ने र उक्त समारोहमा निर्वाचित जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, सार्वजनिक तथा सामुदायिक सङ्घसंस्था र शैक्षिक तथा प्राज्ञिक प्रतिष्ठानका पदाधिकारीहरू, कर्मचारीहरू तथा सर्वसाधारण समेतको उपस्थितिका लागि आमन्त्रण गरिने छ।

त्यसैगरी, असोज ४ गते सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, सङ्घसंस्थाका कार्यालयहरूको छत, बरन्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झन्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरबार स्क्वायर जस्ता क्षेत्रमा दीप प्रज्वलन गर्ने समितिको निर्णय छ । विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासहरूमा असोज २, ३ र ४ गते कार्यालयको छत, बरन्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झन्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्वलन गर्ने, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालको विशिष्ट गौरवमय मौलिक पहिचान तथा विशेषता झल्कने विद्युतीय प्रचार सामग्री तयार गरी समुचित प्रचारप्रसारका लागि परराष्ट्र मन्त्रालयमार्फत विदेशस्थित नेपाली कूटनीतिक निकायहरुमा पठाइने समितिले जनाएको छ।

यसैगरी, प्रदेश राजधानी (केन्द्र), जिल्ला र स्थानीय तहस्तरका लागिसमेत विभिन्न कार्यक्रम तय गरिएको छ। मूल समारोहका कार्यक्रमको प्रभावकारी व्यवस्थापनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको संयोजकत्वमा प्रचारप्रसार र प्रधानमन्त्री कार्यालयका सचिवको संयोजकत्वमा जनस्तरको सहभागितासहित राष्ट्रिय गीतहरुको कार्यक्रम व्यवस्थापन उपसमितिहरुसमेत गठन गरिएको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवको संयोजकत्वमा सांस्कृतिक झाँकी व्यवस्थापन, रक्षा मन्त्रालयका सचिवको संयोजकत्वमा सांस्कृतिक विविधता प्रदर्शन व्यवस्थापन, काठमाडौँका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा ग्राउन्ड, कवाज तथा व्यायाम व्यवस्थापन एवं काठमाडौँ महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा मञ्च सजावट तथा व्यवस्थापन उपसमिति समिति गठन गरिएको छ ।रासस

# 'निजामती सेवा जनताको भरोसाको केन्द्र हो'



काठमाण्डु । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले स्थायी सरकारको रुपमा रहेको निजामती सेवा जनताको आशा र भरोसाको केन्द्र भएकाले जनताको घरदैलोमा पुगेर अहोरात्र सेवा प्रदान गरिरहेको बताउनुभएको छ।

एक्साइसौँ निजामती सेवा दिवसका अवसरमा शनिबार आयोजित कार्यक्रममा उहाँले सीमित स्रोत, साधन एवं पारिश्रमिकका बावजुद राष्ट्र सेवामा निरन्तर खटिरहेका निजामती कर्मचारीको मनोबल उच्च बनाइ आफ्नो काममा थप उत्प्रेरित तुल्याउन आवश्यक भएको बताउनुभयो।

मन्त्री गुप्ताले भन्नुभयो,"कर्मचारीको क्षमता विकासमार्फत प्रविधिमैत्री सेवा प्रवाह गर्नु आजको आवश्यकता हो ।" नयाँ बन्ने सङ्घीय निजामती सेवा ऐनले कर्मचारीतन्त्रमा देखिएको अन्योल हटाइ सेवा प्रवाह प्रभावकारी हुने विश्वास व्यक्त गर्दै उहाँले जनताको सबैभन्दा नजिकैको स्थानीय र प्रदेश सरकारसँग समन्वय गरी सेवा प्रवाह र प्रवर्द्धनका लागि मन्त्रालयले काम गरिरहेको बताउनुभयो। मन्त्री गुप्ताले भन्नुभयो,"सार्वजनिक सेवा प्रवाह, सुशासन अभिवृद्धि, सङ्घीयता कार्यान्वयन तथा शासकीय व्यवस्थालाई समायानुकुल तुल्याउन सबैले आफ्नो स्थानबाट रचनात्मक र सिर्जनात्मक योगदान पुऱ्याउनु पर्छ।" मुलुकको स्थायी सरकारको रुपमा रहेको निजामती सेवाले कानुनी अधिकार प्राप्त गरेको दिनको सम्झनामा प्रत्येक वर्ष भदौ २२ गते यो दिवस मनाइँदै आएको छ।

मुख्य सचिव एकनारायण अर्यालले नेपालको निजामती सेवाले आफ्नो विशिष्ट मौलिक पहिचानसहित देशको एउटा भरपर्दो स्थायी संयन्त्रको रुपमा आफूलाई स्थापित गर्न सफल रहेको बताउनुभयो ।उहाँले भन्नुभयो,"मुलुकले जे जस्तो उपलब्धि हासिल गरेको छ त्यसमा निजामतीको भूमिका छ ।समय सान्दर्भिक आफूलाई परिमार्जित गर्न नसकेको आरोप खेपिरहेको बखत पनि राष्ट्र तथा जनताको निम्ति जस्तोसुकै चुनौती पार लगाउन निजामती सेवा सक्षम रहेको अभ्यासले पुष्टि गरिसकेको छ।"

मन्त्रालयका सचिव भरतमणि सुवेदीले मुलुकको राजनीतिक व्यवस्था र सङ्घीय संरचनाअनुसार कर्मचारीले आफ्ना कामकारबाही ,आनीबानी, आचरण र व्यवहारलाई परिमार्जन र परिस्कृत गर्दै नागरिकमैत्री बनाउन आवश्यक रहेको बताउनुभयो।उहाँले भन्नुभयो,"कर्मचारीतन्त्रबाट नागरिकले पाउने सेवाको स्तरबाट नै सकरारको प्रभावकारिता मापन हुने तथा सरकारप्रति नागरिकको भरोसा अभिवृद्धि हुने भएकाले सेवा प्रवाहको सन्दर्भमा आफूलाई अब्बल प्रमाणी गर्नुपर्ने आवश्यकता छ।"उहाँले निजामती सेवाले कर्मचारीतन्त्रका आधारभूत चरित्र, मूल्य मान्यता र नवीनतम प्रवृत्तिको अनुशरण गर्दै सदाचार र सत्य निष्ठालाई आफ्नो व्यावसायिक जीवनको आधार बनाउन सुझाव दिनुभयो।

व्यावसायिक र सिर्जनलशील प्रशासन : विकास समृद्धि र सुशासन भन्ने मूल नारासहित आयोजित दिवस मूल समारोहमा अघिल्लो वर्ष निजामती दिवसका अवसरमा घोषणा गरिएको उत्कृष्ट निजामती पुरस्कार र निजामति पुरस्कार प्रदान गरियो । निजामती प्रशासन सेवाका ८६ हजार कर्मचारीमध्ये ५३ हजार सङ्घीय सरकारका सेवामा छन्। त्यस अवसरमा नेपाल राष्ट्रिय कर्मचारी सङ्गठनका अध्यक्ष लेखनाथ कोइरालाले सङ्घीय निजामती ऐन शीघ्र जारी गर्न माग गर्नुभयो ।रासस

# 'सेवाग्राहीलाई सन्तुष्ट हुनेगरी सेवा प्रवाह गर्नुपर्छ'

भद्रपुर। विविध कार्यक्रम आयोजना गरेर झापामा २१औँ निजामती सेवा दिवस मनाइएको छ । 'व्यावसायिक र सिर्जनशील प्रशासन : विकास समृद्धि र सुशासन' मूल नाराका साथ शनिबार बिहान प्रादेशिक अस्पताल भद्रपुर परिसरमा सरसफाइ तथा वृक्षारोपण कार्यक्रमको आयोजना गरियो।

कर्मचारी मिलन केन्द्र झापाद्वारा आयोजित उक्त कार्यक्रममा प्रमुख जिल्ला न्यायाधीश उमेशप्रसाद लुइँटेलले सेवाग्राहीलाई सन्तुष्ट हुनेगरी कर्मचारीले सेवा प्रवाह गर्नुपर्छ भन्नुभयो। प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले नागरि कस्तरमा खस्किदै गएको निजामती कर्मचारीको छविलाई उकास्नुपर्नेमा जोड दिनुभयो । "निजामतीकर्मचारीलेराजनीतिक अस्थिरता, भगौलिक विगटता, न्यून पारिश्रमिकलगायत जस्तोसुकै परिस्थितिमा काम गरिसकेको मुलुकको स्थायी सरकारको रुपमा रहेकाले निजामती कर्मचारीका लागि आज गौरवको दिन हो", उहाँले भन्नुभयो।

ि म ल न केन्द्रले शनिबार बिहानै जिल्ला कारागार झापाका कैदीबन्दीलाई खेलकुद सामग्री हस्तान्तरण गरेको छ। यसैगरी झापा जिल्लामा कार्यरत स्थायी कर्मचारीका छोरा/छोरीमध्ये उत्कृष्ट अङ्क ल्याई माध्यामिक शिक्षा परीक्षा (एसइई )उत्तीर्ण हुनेलाई नगदसहित सम्मान गरिइएको थियो ।रासस

# नेवारी सभ्यता समाजवादसँग मिल्दोजुल्दो छः अध्यक्ष दाहाल



काठमाण्डु । पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेवारी सभ्यताभित्र रहेको साझापन र आत्मनिर्भर अर्थतन्त्रको अभ्यास समाजवादी व्यवस्थासँग मिल्दोजुल्दो भएकाले यसलाई अझ प्रवर्द्धन गर्नुपर्ने बताउनुभएको छ।

ललितपुर महानगरपालिका वडा नम्बर २१ खोकनामा लागेको बाह्र वर्षे मेलामा समापन मन्तव्य व्यक्त गर्दै उहाँले नेवाः सभ्यताको मौलिकतालाई कायम राख्दै नेवारी संस्कृतिलाई पर्यटन र आर्थिक समृद्धिसँग जोड्नुपर्ने बताउनुभयो। गणराज्यकै झल्को दिने गरी नेवार समुदायमा रहेको आर्थिक आत्मनिर्भरता, सामाजिक सद्भाव र सौहार्द अनि सांस्कृतिक मौलिकपनलाई समाजवादी व्यवस्थाको भ्रूणका रुपमा औल्याउँदै उहाँले यसले नेवा सभ्यताको संरक्षणमा मात्र नभई समग्र मुलुककै संस्कृति संरक्षण र समाज व्यवस्थाका लागि महत्वपूर्ण योगदान दिइरहेको स्पष्ट गर्नुभयो।

मुलुकको आर्थिक विकास, सामाजिक सौहार्दता र संस्कृति संरक्षणको क्षेत्रमा मात्र नभई नेवाः समुदायले मुलुकको राजनीतिक परिवर्तनका लागि पनि ऐतिहासिक भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै अध्यक्ष दाहालले भन्नुभयो, खासगरी दश वर्षे महान् जनयुद्ध र ऐतिहासिक जनआन्दोलनमा नेवाः समुदायले गरेको योगदान अवस्मरणीय र अद्धितीय छ । यही योगदानकै फलस्वरुप हामीले नेपालको संविधानमार्फत सबै जाति, क्षेत्र, लिङ्ग, भाषा, समुदायका अधिकार सुनिश्चित गरेका छौं र अहिले अहिले कार्यान्वयनको चरणमा छौं। अब पनि सुशासन, सामाजिक न्याय र समृद्धिहुँदै नेपाली जनताले देखेको समाजवाद निर्माणको सपना पूरा गर्न यो समुदायले ऐतिहासिक र निर्णायक भूमिका निर्वाह गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

नेवारी सभ्यता विविधतापूर्ण भएको र त्यसमा पनि अझ नेपालमण्डलकै एक मौलिक प्राचीन वस्ती खोकना पृथक सांस्कृतिक पहिचानसहित स्थापित रहेको औल्याउँदै अध्यक्ष प्रचण्डले देशभरमै फरक पहिचानका साथ लाग्ने १२ वर्षे मेला मुलुककै महत्वपूर्ण संस्कृतिको रुपमा रहेको बताउनुभयो।

भुटेको तोरीको तेलका लागि प्रशिद्ध खोकनाले नेपालमै पहिलोपटक बिजुली बत्ती बलेको ठाउँको रुपमा पनि पनि आफ्नो पहिचान स्थापित गरेको उल्लेख गर्दै उहाँले आफ्नै उत्पादन, आफ्नै ब्यापार, आफ्नै भेषभुषासहित खोकनाबासीले सबै क्षेत्रमा मौलिकता स्थापित गर्न सफल हुनु मुलुकमै नमुनायोग्य भएको बताउनुभयो।

सामाजिक एकता, भाषा संस्कृतिको संरक्षण, मूर्त र अमूर्त संस्कृतिको प्रवर्धन गर्न नेवाः समुदायले निर्वाह गरेको भूमिकालाई राज्यले यथेष्ट सम्मान गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । खोकनालाई नेपालमा मात्रै होइन, अन्तर्राष्ट्रियस्तरमै स्थापित गर्न आवश्यक छ रहेको औल्याउँदै पुरातत्वविद्, इतिहासकार र अन्वेषकहरुको सहयोगमा विश्व सम्पदासूचीमा सूचिकृत गर्ने उद्देश्यसहित स्थानीय सरकारले पहल लिनुपर्ने अध्यक्ष दाहालले बताउनुभयो।

आफूहरुले नेवाः सभ्यतालाई स्थापित गर्न आफूले महत्वपूर्ण काम थालेका स्मरण गराउँदै उहाँले आफू पहिलोपटक प्रधानमन्त्री भएको बेला २०६५ सालमा नेपाल संवतलाई राष्ट्रिय संवतको मान्यता प्रदान गर्ने घोषणा गरेको र पछिल्लोपटक सरकारको नेतृत्व गरेको बेला २०८० कार्तिक २७ गतेको मन्त्रिपपरिषद् बैठकबाट नेपाल संवतलाई हरेक सरकारी कागजातमा उल्लेख गर्ने व्यवस्था मिलाएको जानकारी दिनुभयो । अहिले बागमती प्रदेशमा नेपाल भाषा र तामाङ भाषा सरकारी कामकाजको भाषा हुनु थप ऐतिहासिक काम भएको अध्यक्ष दाहालको भनाइ थियो ।रासस

# सरकारी सेवा प्रवाहलाई प्रभावकारी बनाउन मुख्यमन्त्रीको आग्रह



अर्घाखाँची । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सरकारी कार्यालयबाट प्रवाह हुने सेवा प्रवाहलाई थप चुस्त बनाउन कर्मचारीलाई निर्देशन दिनुभएको छ । निजामती सेवा दिवसका अवसरमा अर्घाखाँचीको सन्धिखर्कमा शनिबार आयोजित कार्यक्रममा उहाँले कर्मचारीले सेवाग्राहीलाई कानुनी गाँठो बल्झाएर होइन्, निकास दिएर सेवाप्रवाह गर्नुपर्छ भन्नुभयो।

उहाँले भन्नुभयो, "कानुनको गाँठो पारेर जनताको कामलाई आलटाल गर्ने होइन् । यदि कहीकतै कानुनको गाँठो परेकोछ, भने त्यो गाठोलाई कसरी फुकाउन सकिन्छ त्यसको निकास दिने कुरामा जान जरुरी छ । निकास खोज्ने भन्दा कामलाई बल्झाउनेतिर कर्मचारी जाने तलदेखि माथिसम्मको परिपाटी छ यसको अन्त्य हुन जरुरी छ।"

उहाँले लुम्बिनी प्रदेश सरकारले छिट्टै विभिन्न तहमा एक हजार नौ सय नयाँ कर्मचारीका लागि विज्ञापन खोल्ने तयारी गरेको जानकारी दिनुभयो। सङ्घीय सरकारले हस्तान्तरण गरेको स्वीकृत दरबन्दी अनुसार लुम्बिनी प्रदेश सरकार मातहतमा रहेका कार्यालयमा चार हजार ७८ जना कर्मचारीको दरबन्दी रहेकोमा हाल दुई हजार एक सय ७८ जना कर्मचारी मात्र कार्यरत रहेको र रिक्त रहेका एक हजार नौ सय कर्मचारीको पदमा अब छिट्टै लोक सेवा आयोगमार्फत विज्ञापन खोलिने मुख्यमन्त्री आचार्यले बताउनुभयो । उहाँले स्थानीय कर्मचारी ऐन र प्रदेश कर्मचारी ऐन यसै वर्षदेखि लागू हुने बताउनुभयो ।रासस

# गुणस्तरीय निर्माणलाई मूलमन्त्र बनाउन मुख्यमन्त्रीको आग्रह



मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले राष्ट्र निर्माणमा निर्माण व्यवसायीहरुले महत्वपूर्ण योगदान रहेको बताउँदै गुणस्तरीय निर्माणलाई मूलमन्त्र बनाउन आग्रह गर्नुभएको छ।

मोरङ निर्माण व्यवसायी सङ्घको २७ औँ साधारण सभाको शनिबार उद्घाटन गर्दै उहाँले व्यवसायीहरुले निर्माण क्षेत्रका समस्या समाधान गर्न आफू तयार रहेको बताउनुभयो।

उहाँले खरिद ऐनप्रति लक्ष्य गर्दै निर्माण व्यवसायीलाई सहज हुनेगरी नीतिनियम सच्च्याइने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो , "चालु आर्थिक वर्षको मौद्रिक नीतिले निर्माण व्यवसायीमा आशा जगाएको छ ।" साथै उहाँले व्यवसायीलाई भुक्तानी दिने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो।

निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले भुक्तानीमा भएको विलम्बले निर्माण व्यवसायीहरु गम्भीर आर्थिक समस्यामा परेका बताउनुभयो। उहाँले सम्पन्न भएका परियोजनाको रकम अविलम्ब दिनुपर्नेमा जोड दिनुभयो । उहाँले निर्माण व्यवसायी सङ्घका कारण २५ लाखले रोजगारी पाएका बताउनुभयो ।रासस

# सार्वजनिक सेवालाई प्रविधिमैत्री बनाउन मुख्यमन्त्री पाण्डेको आग्रह

गण्डकी । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सार्वजनिक सेवा प्रवाहमा कर्मचारीले प्रविधिलाई अबलम्बन गर्नुपर्ने बताउनुभएको छ। निजामती सेवा दिवस मूल समारोह समिति गण्डकी प्रदेशद्वारा निजामती सेवा दिवस २०८१ का अवसरमा शनिबार आयोजित कार्यक्रममा उहाँले सार्वजानिक सेवा प्रवाहलाई समयसापेक्ष चुस्त बनाउन नवीनतम प्रविधिले सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । जनताले लिएर आउने सार्वजनिक सेवाका हरेक काममा सकारात्मक हुनुपर्नेमा जोड दिँदै उहाँले नहुने भएमा के कारणले नहुने हो त्योबारे स्पष्ट पार्नुपर्ने बताउनुभयो ।उहाँले भन्नुभयो,"सरकार भनेको तल्लो तहमा काम गर्नेदेखि उच्च पदस्थ पदमा रही काम गर्ने कर्मचारी र राजनीतिक नेतृत्व सबै पर्दछन् । यी दुई बीचमा एकापसमा दोषारोपण गरेर मात्रै हुँदैन। " सङ्घीय निजामती ऐन जारी नहुँदा कतिपय चाहेर गर्नुपर्ने काम पनि गर्न नसकिएको जनाउँदै उहाँले प्रदेशका तर्फबाट गर्न सकिने सबै किसिमका समस्या समाधानका लागि तयार रहेको बताउनुभयो।

गण्डकी प्रदेशका प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेतले सुशासन, समृद्धि र विकास आजको आवश्यकता भएको बताउनुभयो । सार्वजनिक सेवामा जनताको पहुँच बढाउने गरी काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले नेपालको निजामती प्रशासन राज्यका हरेक परिवर्तनलाई आत्मसात गर्दै अघि बढिरहेको बताउनुभयो । पछिल्लो समयमा निजामति प्रशासनलाई नकारत्मक तबरबाट हेर्ने क्रम बढिरहेको बताउँदै उहाँले जनताको मन जित्ने गरी काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

कर्मचारी मिलन केन्द्र कास्कीका अध्यक्ष लोकनाथ आचार्यले चुस्त प्रशासनका माध्यमबाट निजामति कर्मचारीप्रति बढ्दै गएको नकारात्मक धारणा हटाउनुपर्नेमा जोड दिनुभयो । पूर्वकर्मचारी परिषद्का तर्फबाट स्वास्थ्य सेवातर्फबाट निवृत्त हुनुभएकी नानु थापा लगायतलाई सम्मान गनर्नुका साथै परिषद्ले प्रकाशन गरेको गोधुलीको सन्देश लोकार्पण गरिएको थियो । त्यस्तै कर्मचारी सम्वद्ध विभिन्न सङ्घ सङ्गठनका तर्फबाट निजामती सेवा दिवसका अवसरमा आयोजित कार्यक्रमका विजयी तथा सहभागीलाई पुरस्कार एवं सम्मानपत्र प्रदान गरिएको थियो । कार्यक्रममा कर्मचारी सङ्घ सङ्गठनका प्रतिनिधिले सेवाग्राहीमैत्री सेवाप्रवाहमा जोड दिँदै राजनीतिज्ञ र कर्मचारीबीचको असल सम्बन्ध आवश्यक भएकोमा जोड दिनुभयो । उहाँहरुले सङ्घीय निजामती ऐन जारी माग समेत गर्नुभयो ।रासस

# वेस्ट बैङ्कमा भएको हत्याको स्वतन्त्र छानबिन गर्न माग



एएफपी

जेरूसेलम । वेस्ट बैङ्कमा इजरायली बस्तीको विरोधमा प्रदर्शन गर्ने क्रममा टर्की र अमेरिकाको दोहोरो नागरिकता भएकी महिलाको गोली हानी गरिएको हत्याको परिवारले स्वतन्त्र छानबिनको माग गरेको छ।

परिवारले इजरायली सेनाले एक महिलालाई टाउकोमा गोली हानी हत्या गरेको आरोप लगाउँदै घटनाको स्वतन्त्र छानबिनको माग गरेको छ ।वैस्ट बैङ्कको बेइटामा शुक्रबार भएको प्रदर्शनमा भाग लिने क्रममा २६ वर्षीय आइसेनुर एज्जी आइगीको टाउकोमा गोली लागेको थियो ।

"हाम्रो जीवनमा उहाँको उपस्थितिलाई इजरायली सेनाले अनावश्यक, गैरकानुनी र हिंसात्मक रूपमा लिएको थियो," आइगीको परिवारले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

शान्तिपूर्वक न्यायका लागि आवाज उठाएकी आइसेनुरको गोली लागेर मृत्यु भएको थियो। विज्ञप्तिमा भनिएको छ, "हामी राष्ट्रपति जो बाइडेन, उपराष्ट्रपति कमला ह्यारिस र विदेशमन्त्री एन्टोनी ब्लिन्केनलाई एक अमेरिकी नागरिकको गैरकानुनी हत्याको स्वतन्त्र अनुसन्धानको आदेश दिन र दोषी पक्षहरूको पूर्ण जवाफदेहीता सुनिश्चित गर्न आह्वान गर्दछौं। "इजरायली सेनाले प्रदर्शनका क्रममा सेनामाथि ढुङ्गा प्रहार गर्ने र उनीहरूका लागि खतरा उत्पन्न गर्ने हिंसात्मक गतिविधिका मुख्य उक्साहटकर्तालाई आफ्नो सेनाले गोली चलाएको बताएको छ ।

इन्टरनेसनल सोलिडारिटी मुभमेन्ट (आईएसएम) का अनुसार आइगी आईएसएमकी सदस्य हनुहुन्थ्यो र उहाँ इजरायली बस्ती विस्तारको विरोधमा बेइटा भएको साप्ताहिक प्रदर्शनमा ऐक्यवद्धता प्रकट गर्न शुक्रबार बेइटामा पुगुभएको थियो ।

हालैका वर्षहरूमा, प्यालेस्टिनी समर्थक प्रदर्शनकारीहरूले बेइटाको छेउछाउमासाप्ताहिक विरोध प्रदर्शनहरू गर्दै आएका छन् ।संयुक्त राष्ट्रसङ्घकोमानवअधिकारकार्यालय र राफिडिया अस्पतालका अनुसार शुक्रबारको प्रदर्शनका क्रममा आइगीको टाउकोमा गोली लागेको थियो ।

टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले इजरायली कारबाहीलाई 'बर्बर' भन्दै निन्दा गर्नुभएको छ । वासिङ्टनले यसलाई 'दुःखद' घटना भनेको छ र आफ्नो निकट सहयोगी इजरायललाई अनुसन्धान गर्न दबाब दिएको छ ।तर उहाँको परिवारले भने स्वतन्त्र छानबिनको लागी माग गरेको छ ।

"आइगीको हत्याको परिस्थितिलाई ध्यानमा राख्दै इजरायली अनुसन्धान पर्याप्त छैन," मृतक महिलाको परिवारले भनेको छाउहाँको परिवारले आइगीले सधैं प्यालेस्टिनीका जनताविरुद्ध हुने हिंसा अन्त्यको वकालत गरेको बताएको छ ।

करिब चार लाख ९० हजार मानिस बसोबास गर्ने वेस्ट बैङ्कमा इजरायली बस्ती अन्तर्राष्ट्रिय कानुनअनुसार गैरकानुनी छन् ।अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आक्रमणपछि गाजामा युद्ध सुरु भएयता इजरायली सेना वा बासीन्दाहरूले वेस्ट बैङ्कमा ६९० भन्दा बढी प्यालेस्टिनीको हत्या गरिसकेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

इजरायली अधिकारीहरूका अनुसारसोहीअवधिमाप्यालेस्टाइनी आक्रमणमा सुरक्षाकर्मीसहित कम्तीमा २३ जना इजरायली मारिएका छन् ।

# गाजा युद्ध १२ औं महिनामा प्रवेश, युद्धविरामको सम्भावना अझै क्षीण

एएफपी

पेरिस । गाजामा इजरायल र हमासबीचको युद्ध शनिबार १२ औं महिनामा प्रवेश गरेको छ । जारी युद्धबीच युद्धविरामका लागि इजिप्ट, अमेरिका, कतारलगायतका मुलुकले मध्यस्थता गरिरहे पनि प्यालेस्टिनी भूभागका लागि राहत वा इजरायली बन्धकहरूको रिहाइको आशाको कुनै सङ्केत देखिएको छैन ।

इजरायलमा रहेका कैदीहरूको बदलामा हमासद्वारा बन्धक बनाइएका बन्धकहरूलाई पनि मुक्त गर्ने युद्धविरामको सम्भावना क्षीण देखिन्छ, दुवै पक्ष आ-आफ्नो अडानमा अडिग छन्।गत अक्टोबर ७ मा इजरायलमाथि आक्रमण गरेको हमासले इजरायललाई उसको सेना पूर्ण रुपमा फिर्ता बोलाउन माग गरिरहेको छ तर इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले गाजा-इजिप्ट सीमाको एक महत्वपूर्ण भू-भागमा सेना राख्नुपर्नेमा जोड दिनुभएको छ ।



हमासले इजरायलको दक्षिणी क्षेत्रमा गरेको आक्रमणमा करिब एक हजार २०५ जनाको मृत्यु भएको थियो जसमध्ये अधिकांश सर्वसाधारण रहेका थिए। हमास शासित गाजामा इजरायलले गरेको जवाफी कारबाहीमा अधिकारीहरूले झण्डै ४१ हजार व्यक्ति व्यक्तिको मृत्यु भएको बताएका छन्।संयुक्त राष्ट्रसङ्घको मानव अधिकार कार्यालयका अनुसार मृत्यु हुनेमा अधिकांश महिला र बालबालिका रहेका छन् ।आक्रमणका क्रममा प्यालेस्टाइनी लडाकूले कब्जामा लिएका २५१ बन्धकमध्ये ९७ जना गाजामै रहेका छन् भने ३३ जनाको मृत्यु भएको इजरायली सेनाले जनाएको छ ।

नोभेम्बरमा एक हप्ताको युद्धविरामको क्रममा दर्जनौं मानिसलाई आदानप्रदान गरिएको थियो ।गत आइतबार इजरायलले एक अमेरिकी-इजरायली नागरि कसहित छ जना बन्धकको शव फेला परेको घोषणा गरेपछि इजरायलमा शोक र आक्रोश छाएको थियो ।संयुक्त राष्ट्रसङ्घीय प्यालेस्टिनी शरणार्थी एजेन्सी (यूएनआरडब्लुए) का प्रमुख फिलिप लाजारिनीले शनिबार एक्समा लेख्नुभएको छ । "एघार महिनाको समय काफी हो । यसलाई अब कसैले पनि लिन सहज लिन सक्दैन । अब युद्धविराम हुनुपर्छ र मानवताको विजय हुनुपर्छ ।"

टर्कीका एक अमेरिकी कार्यकर्ताले कब्जा गरेको क्षेत्रमा इजरायली बस्तीको विरोधमा प्रदर्शन गरिरहेको पश्चिम किनारामा शुक्रबार भएको गोलीकाण्डले युद्ध अन्त्यका लागि अन्तर्राष्ट्रिय दबाबलाई थप बल दिएको छ ।२६ वर्षीया आइसेनुर एज्जी आइगीको परिवारले उहाँको मृत्युको स्वतन्त्र छानबिनको माग गर्दै शनिबार उहाँको जीवनलाई इजरायली सेनाले अनावश्यक, गैरकानुनी र हिंसात्मक रूपमा हत्या गरेको आरोप लगाएको छ।संयुक्तराष्ट्रसङ्घीयमानवअधिकार कार्यालयले इजरायली सेनाले आइगीको टाउकोमा गोली हानेर हत्या गरेको जनाएको छ ।

अङ्काराले उहाँलाई 'इजरायली कब्जा क्षेत्रमा सैनिकहरू' द्वारा मारिएको बताएको छ, र राष्ट्रपति रेसेप तैयप एर्दोगानले इजरायली कार्यलाई 'बर्बरता' को रूपमा निन्दा गर्नुभएको छ। वासिङ्टनले उनको मृत्युलाई 'दुःखद' भनेको छ र आफ्नो निकट सहयोगी इजरायललाई अनुसन्धान गर्न दबाब दिएको छ ।करिब चार लाख ९० हजार मानिस बसोबास गर्ने वेस्ट बैंकमा इजरायली बस्ती अन्तर्राष्ट्रिय कानुनअनुसार गैरकानुनी छन् ।अक्टोबर ७ मा हमासको आक्रमणपछि इजरायली सेनाले सन् १९६७ मा इजरायलले कब्जा गरेको वेस्ट बैङ्कमा ६६२ भन्दा बढी प्यालेस्टिनीको हत्या गरिसकेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

सोही अवधिमा प्यालेस्टिनी आक्रमणमा परी सुरक्षा बलका सदस्यसहित कम्तीमा २३ जना इजरायलीको मृत्यु भएको इजरायलीअधिकारीहरुलेबताएका छन् ।इजरायली सेनाले वेस्ट वैङ्कको जेनिन शहरमा १० दिनसम्म चलेको घातक आक्रमणबाट पछि हटेको दिन आइगीको मृत्यु भएको थियो । गाजा युद्धमा युद्धविरामका लागि वार्ता गर्ने विषयमा इजरायल र संयुक्त राज्य अमेरिकाबीच विवाद भएपछि जेनिनको बहिर्गमन भएको हो ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले बिहीबार '९० प्रतिशत सहमति भएको' भन्दै इजरायल र हमासलाई सम्झौतालाई अन्तिम रुप दिन आग्रह गर्नुभएको छ । तर इजरायली प्रधानमन्त्री नेतन्याहूले फक्स न्यूजसँग कुरा गर्दै भन्नुभयो, "यो नजिकको कुरा होइन ।"अमेरिकी राष्ट्रपति जो बाइडेनले अघि सारेको प्रस्तावमा इजरायल सहमत भएको भन्दै हमासले गाजा पट्टीबाट इजरायललाई पूर्ण रुपमा फिर्ता लिन माग गर्दै आएको छ ।

एएफपीका संवाददाताका अनुसार शुक्रबार रातभर र शनिबार बिहानै उक्त क्षेत्रमा कैयौं हवाई आक्रमण र गोलाबारी भएको थियो ।गाजाको नागरिक सुरक्षा निकाय र प्यालेस्टिनी रेड क्रिसेन्टले मध्य गाजाको नुसिरात शरणार्थी शिविर नजिकै इजरायली हवाई आक्रमणमा परी चार जनाको मृत्यु भएको जनाएको छ ।नागरिक प्रतिरक्षा र एक प्रत्यक्षदर्शीका अनुसार 'बुरेज क्याम्प'को एक फ्ल्याटलाई लक्षित गरी गरिएको हवाई आक्रमणमा अन्य चार जनाको मृत्यु भएको थियो ।

जबालियामा इजरायली हवाई आक्रमणमा परी थप चार प्यालेस्टिनीको मृत्यु भएको नागरिक सुरक्षा अधिकारीहरूले बताएका छन् ।गाजा शहरको उत्तरमा भएको हवाई आक्रमणमा परी एक महिला र एक बालकको पनि मृत्यु भएको बताइएको छ ।बेइट लाहियाको एक आवासीय क्षेत्रमा भएको हवाई आक्रमणमा परी कम्तीमा ३३ जना प्यालेस्टिनी घाइते भएको र उनीहरूको अल अवदा, कमल अदवान र इन्डोनेसियाली अस्पतालमा उपचार भइरहेको चिकित्सकहरूले बताएका छन् ।

# विश्व व्यवस्थामाथि खतरा बढेको बेलायत र अमेरिकाका गुप्तचर प्रमुखको चेतावनी

एएफपी

लण्डन । अमेरिकी गुप्तचर निकाय (सिआइए) का निर्देशक बिल बर्न्स र बेलायतको एमआई-सिक्सका प्रमुख रिचार्ड मुरले विश्व व्यवस्था शीतयुद्धपछि विश्वले नदेखेको खतरामा रहेको चेतावनी दिएका छन् ।

फाइनान्सियल टाइम्सको विचार पृष्ठमा लेखेको लेखमा दुई गुप्तचर प्रमुखले भनेका छन्, "हामीसँग एक अर्काभन्दा बढी विश्वसनीय वा सम्मानित सहयोगी कोही छैन । उनीहरूले मुख्यतया रूस, चीन र मध्यपूर्वबाट अहिले कसरी गरिरहेका छन् भन्ने कुरा पनि उल्लेख गरेका छन् । पश्चिमा मुलुक र खासगरी अमेरिका र बेलायतले ती प्रविधिले सङ्कलन गरेका तथ्याङ्कको विशाल भण्डारहरू प्रयोग गरिरहेका लेखमा महत्वका साथ उल्लेख गरिएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले बेलायती प्रधानमन्त्री केइर स्टार्मरलाई सेप्टेम्बर १३ मा वासिङ्टनमा स्वागत गर्ने कार्यक्रम तय भएको वा स्टार्मरको भ्रमणको घोषणा भएको समयमा उक्त चेतावनी आएको हो ।अमेरिकी राष्ट्रपति जो बाइडेनले बेलायती प्रधानमन्त्री



अभूतपूर्व खतराहरूको सामना गरिरहेको बताउँदै आफूहरूको साझेदारी महत्वपूर्ण हुने बताएका छन् ।संयुक्त राज्य अमेरिका र बेलायत फेब्रुअरी २०२२ मा शुरू गरिएको रूसी आक्रमणको प्रतिरोधमा युक्रेनको प्रमुख वित्तीय र सैन्य समर्थकमध्ये दुई प्रमुख राष्ट्र हुन्।

"सहकार्य रहनु पहिलेभन्दा बढी महत्त्वपूर्ण छ", लेखमा भनिएको छ,"रूसी गुप्तचर निकायले युरोपभरि चलाएको विध्वंसको लापरबाहीपूर्ण अभियानलाई बिथोल्न हामी मिलेर काम गरिरहेका छौं।" लेखमा 'उनीहरू (अमेरिका र बेलायत)ले उन्नत एआई र क्लाउड प्रविधिको प्रयोग स्टार्मरलाई स्वागत गर्ने कार्यक्रम केही दिनअघि तय भएको थियो ।

ह्वाइट हाउसले शुक्रबार भनेको छ, "उनीहरू (बाइडेन र स्टर्ममर)ले अन्य कुराका साथै 'युक्रेनलाई निरन्तर मजबुत बनाइराख्ने' र गाजामा युद्धविराम हासिल गर्ने नयाँ उपायबारे छलफल गर्नेछन्।इजरायलप्रति दुई राष्ट्रको अडान फरक-फरक रहेको समयमा यो बैठक हुन लागेको हो ।

युद्धग्रस्त गाजामा अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गरी आफूले उपलब्ध गराएका हतियार प्रयोग हुनसक्ने भन्दै बेलायतले इजरायललाई ३० वटा हातहतियार निर्यात अनुमतिपत्र स्थगन गर्ने घोषणा गरेको छ ।

# अमेरिकामा जनावरको सम्पर्क विना नै बर्डफ्लुबाट सङ्क्रमितको पहिलो घटना पुष्टि

एएफपी

वासिङ्टन । अमेरिकाको मिसौरी राज्यका बर्डफ्लुबाट सङ्क्रमित जनावरको सम्पर्कमा नआइकन एक व्यक्तिमा बर्ड फ्लु



सङ्क्रमण देखिएको छ ।

रोग नियन्त्रण तथा रोकथाम केन्द्र अन्तर्गतको मिसौरी ' डिपार्टमेन्ट अफ हेल्थ एण्ड सिनियर सर्भिसेज'का अनुसार ती वयस्क बिरामीलाई अगस्ट २२ मा अस्पताल भर्ना गरिएको थियो । बिरामीलाई इन्फ्लुएन्जाविरुद्ध एन्टिभाइरल औषधि दिएपछि निको भएको र अस्पतालबाट डिस्चार्ज गरि सकिएको जनाइएको छ । प्रारम्भिक परीक्षणमा बिरामीको फ्लुको प्रकार शङ्कास्पद देखिएकाले यसलाई राज्य र सङ्घीय प्रयोगशालामा थप परीक्षणका लागि पठाइएको थियो । परीक्षणबाट ती बिरामीलाई यो एच-५ (बर्ड फ्लु) भएको पुष्टि भएको छ ।

यो वर्ष अमेरिकामा बर्ड फ्लुको सङ्क्रमण पुष्टि हुने उनी १४ औं व्यक्ति थिए भने जनावरहरूसँगको सम्पर्क बिना बर्ड फ्लु पुष्टि हुने उनी पहिलो व्यक्ति थिए।"मिसौरीमा दुधका लागि पालिएका गाईहरूमा एच ५ सङ्क्रमण रिपोर्ट गरिएको छैन", मिसौरी स्वास्थ्य विभागले भनेको छ, "यद्यपि 'व्यावसायिक वा घरको आँगनमा पालिने केही पङ्क्षीहरूको समूह वा जङ्गली चरा'हरूमा बर्ड फ्लु सङ्क्रमण भएको भने पुष्टि भएको छ ।

सन् २०२२ मा बर्ड फ्लुका सबै घटना हरू फार्मवर्कर्समा थिए, जसमा पहिलो पटक पनि समावेश थियो।बर्डफ्लु सबैभन्दा बढी जङ्गली चरा चुरुङ्गी र कुखुरामा पाइन्छ, तर पछिल्लो समय स्तनधारी जनावरमा पनि देखिएको छ ।

यस वर्ष देशभर बर्डफ्लुको प्रकोप गाईवस्तुमा पनि देखिएको छ।

# जर्मनीको जङ्गलमा भीषण डढेलो, सयौं मानिसलाई सुरक्षित स्थलमा सारियो

एएफपी

फ्र्याङ्कफर्ट । मध्य जर्मनीको पहाडी क्षेत्रमा लागेको भीषण डढेलो नियन्त्रणका लागि शनिबार अग्निनियन्त्रक र विमानले प्रयास तीव्र पारेका छन् ।

हर्ज पर्वतमा शुक्रबारदेखि धेरैतिरबाट डढेलो सुरु भएको र साँझसम्ममा यसले भीषण रूप लिएको थियो।स्याक्सोनी-अनहाल्ट राज्यको हर्ज जिल्लाका अधिकारीहरूका अनुसार ब्रोकेन पर्वतमाकरिब१५०अग्निनियन्त्रक, विमान र हेलिकप्टरहरू तैनाथ गरिएको छ र वरपरको क्षेत्र बन्द गरिएको छ।

शनिबार पनि आगोको प्रकोप जारी रहेको र अग्निनियन्त्रकलाई सहयोग गर्न विमान र हेलिकप्टर पुनः पठाइएको जर्मन अधिकारीले बताएका छन् । थप तीन वटा विमान र अर्को हेलिकप्टर पनि यस प्रयासमा सामेल हुने अपेक्षा गरिएको छ ।अधिकारीले भने,



"थप विमानका लागि अनुरोध गरिएको छ। अग्निनियन्त्रकहरूले अझै पनि आगो नियन्त्रण गर्ने प्रयास गरिरहेका छन्।" पदयात्री र पर्यटकलाई उक्त क्षेत्र छोड्न आग्रह गरिएको छ र शुक्रबार दिउँसो बसमार्फत् ५०० जनालाई सुरक्षित स्थानमा ल्याइएको स्थानीय प्रसारक एनडीआरले जनाएको छ ।

सन् २०२२ को सेप्टेम्बरमा हर्ज पर्वतको जङ्गलमा भीषण आगलागी भएको थियो । आगो नियन्त्रणमा लिन अधिकारीहरूले आपतकालीन अवस्थाको घोषणा गरी सयौं अग्निनियन्त्रकहरूले केही दिनसम्म दिनरात काम गरेका थिए । अन्य देशहरूजस्तै जर्मनीले पनि हालैका वर्षहरूमा गर्मीयाममा उच्च तापक्रम अनुभव गरिरहेको छावैज्ञानिकहरूले मानव-प्रेरित जलवायु परिवर्तनले तीव्र बनाएको बताएको तापक्रम वृद्धिले यस वर्ष पनि संसारभर मौसमी सङ्कटको सामना गरिरहेका छन् ।

# यागी नाम दिइएको चक्रवातका कारण चीनमा दुई जनाको मृत्यु

सिन्ह्वा

चीन । दक्षिण चीनको टापु प्रान्त हाइनानमा सुपर टाइफुन यागीले निम्त्याएको भारी वर्षा र वेगवान् हुरीको कारण कम्तिमा दुई जनाको मृत्यु हुनुका साथै ९२ जना घाइते भएको स्थानीय अधिकारीहरूले शनिबार बताएका छन् ।

यागीका कारण चीनको डिङ्गान काउन्टीमा दुई जनाको मृत्यु भएको छ भने वेन्चाङ सहरमा शनिबार १२ जना र हाइकोउ सहरमा ८० जना घाइते भएको प्रान्तीय प्रशासनले जानकारी गराएको छ । आँधी र वर्षा कम भएपछि हाइनानमा वागीका कारण जारी गरिएको चेतावनी अन्त्य गरिएको छ भने प्रान्तभरी उद्धार कार्यहरू सुरु गरिएको छ । विद्युत्का कर्मचारीहरूलाई प्रभावित घरहरूमा



बिजुली पुनर्स्थापना गर्न परिचालन गरिएको छ ।

वर्षा र आँधीका कारण अवरुद्ध ८९ वटा सडकमध्ये ५१ वटाको सडकको मर्मत सम्भार भइरहेको जनाइएको छ ।प्रवाभित क्षेत्रमा रेल सेवाहरू शनिबार दिउँसो पुनः सुरु हुने अपेक्षा गरिएको छ भने किओङझाउ प्रान्तमा आइतबार साँझमात्र सेवाहरू पुनः सुरु हुने अनुमान गरिएको छ ।यागीको कारण हाइकोउ माइलान अन्तर्राष्ट्रिय विमानस्थल आइतबारसम्म बन्द रहनेछ भने सान्याको फिनिक्स अन्तर्राष्ट्रिय विमानस्थलले शनिबारदेखि उडान सेवाहरू पुनः सुरु गर्ने जनाइएको छ ।

प्रान्तभरी १२ हजार ५०० भन्दा बढी सञ्चार स्टेसनहरू क्षतिग्रस्त भएको वेन्चाङ सहरले सञ्चार सुविधामा सबैभन्दा बढी क्षति बेहोरेको छ भने र पुनःस्थापनाका लागि कर्मचारीहरू खटिएका छन् ।शुक्रबार पहिले चीनको हाइनानमा अवतरण गरेको यागीले त्यसपछि गुआङडोङ प्रान्तलाई प्रभावित पार्दै बिस्तारै भियतनामतर्फ मोडिएको छ । शनिबार भियतनामले तटीय क्षेत्रमा यागीबाट हुनसक्ने सम्भावित दुर्घटनाबाट सावधानी अपनाउन चेतावनी जारी गरेको छ ।

# रकेट आक्रमणपछि भारतमा विद्यालय बन्द

एएफपी

मुम्बई । भारतको मणिपुर राज्यमा विद्रोहीले रकेट प्रहार गर्दा एक जना सर्वसाधारणको मृत्यु हुनुका साथै अन्य छ जना घाइते भएपछि शनिबारदेखि विद्यालयहरू बन्द गर्ने आदेश दिइएको छ ।

जातीय विभाजनका कारण एक वर्ष अघि मणिपुरमा हिन्दू मेइतेई बहुमत र इसाई कुकी समुदायबीच लडाइँ सुरु भएको थियो । स्थानीय सरकारको सूचनामा 'विद्यार्थी र शिक्षकहरूको सुरक्षाका लागि राज्यका सबै विद्यालयहरू शनिबार बन्द गर्ने जनाइएको छ ।

शुक्रबार एक विद्रोही समूहले मणिपुरको बिष्णुपुर जिल्लामा रकेट प्रहार गरेको थियो भने स्थानीय प्रहरीले कुकी समूहले आक्रमण गरेको जनाएको छ । ब्यारेजमा एक व्यक्तिको मृत्यु भएको र छ जना घाइते भएको प्रहरीले जनाएको छ ।आक्रमणको जवाफमा अधिकारीलाई सन्दिग्ध कुकी आतङ्ककारीहरूले गोली हानेपनि जवाफी आक्रमण गरेको विज्ञप्तिमा जनाइएको छ ।

मणिपुरका पूर्व मुख्यमन्त्री स्वर्गीय मैरेनबाम कोइरेङ सिंहको निवासमा रकेट प्रहार हुँदा एक व्यक्तिको मृत्यु भएको स्थानीय सञ्चार माध्यमले जनाएका छन् ।शुक्रबारको आक्रमण विद्रोहीहरूले विस्फोटक पदार्थ खसाल्न ड्रोन प्रयोग गरे पछि प्रहरीले राज्यमा हिंसाको वृद्धि भएको जनाएको छ ।

# अनुदान नपाएपछि कैलालीमा उखुखेती घट्दै



गोदावरी । नगदेबालीका रुपमा खेती हुँदै आएको उखुबारीको क्षेत्र विस्तार हुन सकेको छैन । उखुखेतीमा संलग्न किसानलाई बिउ, मलगायत आवश्यक सामग्रीमा अनुदानका कार्यक्रम नहुँदा उखुखेती विस्तार हुन नसकेको हो ।

उत्पादित उखुको बजार अभाव भएकाले किसानको आकर्षण घट्दै गएको कृषि ज्ञान केन्द्र कैलालीले जनाएको छ । प्रदेश सरकारले जिल्लामा उखुखेतीमा संलग्न किसानलाई हालसम्म कुनै अनुदानका कार्यक्रम उपलब्ध नगराएको किसान बताउँछन् ।

विगतमा उखुखेती गर्दै आएका किसानले विस्तारै अन्य खेती गर्न थालेका छन् । ज्ञान केन्द्रका अनुसार जिल्लामा २५ वर्षअघि सात सय हेक्टर क्षेत्रफलमा विस्तार भएको उखुखेतीको क्षेत्रफल घटेर दुई सय २५ हेक्टरमा पुगेको छ । केन्द्रका सूचना अधिकारी श्याम जोशीले जिल्लामा आव २०७८/७९ मा दुई सय २४ हेक्टरमा उखुखेती गरिएकामा उत्पादन आठ हजार तीन सय सात मेट्रिक टन, आव २०७९/८० मा दुई सय २४ हेक्टर खेती भएकामा नौ हजार चार सय ५० मेट्रिक टन उत्पादन भएको जानकारी दिनुभयो ।

उखुखेती गर्ने किसानलाई कृषि औँजार, उपकरण, बिउलगायत अन्य अनुदानका कार्यक्रम उपलब्ध गराउन सके किसानको आकर्षण बढ्ने सूचना अधिकारी जोशीले बताउनुभयो । उखुखेती प्रवर्द्धन गर्न किसानलाई अनुदान रकमसँगै खेती गर्ने तरिका, आवश्यक औँजार, उन्नत जातका बिउ र लगाउने विधिकाबारेमा ज्ञान र सीप उपलब्ध गराउनुपर्ने घोडाघोडी नगरपालिका-४ का उखु किसान गणेश शाहीले बताउनुभयो । उहाँले उखुखेतीमा बजारको अभाव भएकाले किसानले लागत अनुसार आम्दानी लिन नसकेपछि किसानको सङ्ख्या घट्दै गएको बताउनुभयो ।

विसं २०५४ मा चुहामा वासुलिङ सुगर मिल सञ्चालनमा आएपछि जिल्लामा उखुखेती गर्ने किसानको सङ्ख्या बढेको थियो । सो मिल बन्द भएसँगै यहाँका किसानले क्रमशः उखुखेती गर्न छोड्दै गएका हुन् । सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको आव २०७९/८० को तथ्याङ्कअनुसार प्रदेशभर छ हजार एक सय ९७ हेक्टर क्षेत्रफलमा उखुखेती गरिँदै आएकामा तीन लाख ५९ हजार तीन सय २१ मेट्रिक टन उत्पादन भएको छ ।

प्रदेशमा सबैभन्दा बढी कञ्चनपुरमा पाँच हजार छ सय २५ हेक्टरमा खेती गरिँदै आएकामा तीन लाख ४३ हजार एक सय २५ मेट्रिक टन उत्पादन भएको तथ्याङ्कले देखाएको छ । कञ्चनपुर र कैलालीपछि बैतडीमा दुई सय ६० हेक्टरमा चार हजार एक सय ९० मेट्रिक टन उत्पादन भएको थियो । कञ्चनपुरमा उखुखेती विस्तारका लागि अनुदानका विभिन्न कार्यक्रम सञ्चालन गरिँदै आइएको छ ।रासस

# 'वैकल्पिक अर्थतन्त्र' बजारमा

काठमाण्डु । अर्थशास्त्री हरि रोकाद्वारा लिखित 'वैकल्पिक अर्थतन्त्र' शनिबारदेखि बजारमा आएको छ । नेपाल प्रज्ञा प्रतिष्ठानको डबलीमा विमोचन भएसँगै उक्त पुस्तक बजारमा आएको हो । पुस्तक विमोचनपछि त्यसको समीक्षा पनि भएको थियो ।

त्यस अवसरमा लेखक रोकाले राजनीतिक वृत्त, नीति निर्माता, बौद्धिक जगत् र समग्र समाजबीच नेपालको अर्थ-राजनीतिबारे वैकल्पिक बहस आवश्यक भएकाले पुस्तक तयार पारेको बताउनुभयो । देशमा बहुदलीय व्यवस्था प्रारम्भभएपछि सबै राजनीतिक दलहरुमा निकै कम विमर्श हुने गरेको बताउँदै अर्थतन्त्रबारे सुझबुझ भएका व्यक्तिलाई मुलुकको अर्थतन्त्र सञ्चालनको जिम्मेवारी दिइनुपर्ने बताउनुभयो । विषयगत ज्ञान नभएका व्यक्तिलाई अर्थतन्त्र जिम्मा लगाउँदा त्यसले नतिजा दिन नसकेको उहाँले बताउनुभयो । देशमा पुँजीवाद, उदारवाद, समाजवाद अथवा साम्यवाद जे भनेपनि सबै राजनीतिक दलहरु स्वार्थकेन्द्रित र भष्ट्राचारमा केन्द्रित भएको आरोपसमेत उहाँले लगाउनुभया । रोकाको पुस्तकमा नवउदारवादलाई आलोचनात्मक ढङ्गले हेरिएको




क्षेत्रमा सुधार हुन्छ भन्ने ठानिएकामा यथार्थमा त्यसो हुन नसकेको र राजनीतिक स्वतन्त्रता आए पनि आर्थिक तथा सामाजिक स्वतन्त्रता मुलुकले प्राप्त गर्न नसकेको उहाँले बताउनुभयो ।

पूर्वकृषिमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का महासचिव घनश्याम भुसालले राजनीतिक तहमा अहिलेको अर्थतन्त्रका व्यावहारिक समस्या के हुन् र त्यसको समाधान कसरी खोज्न सकिन्छ भनेर निकै कम चिन्तन हुने गरेको बताउनुभयो । उद्यम नगर्ने तर मुनाफा खोजीरहने प्रवृत्तिको अन्त्य नभएसम्म समाजवाद हासिल नहुने उहाँले बताउनुभयो ।

अर्थविद् प्राध्यापक अच्युत वाग्लेले अर्थतन्त्रका विषयमा प्राध्यापक वाग्लले बताउनुभयो ।

राष्ट्रिय योजना आयोगका सदस्य गीता पौड्याल अधिकारीले नेपालको आर्थिक नीति निर्माण प्रक्रियाप्रति प्रश्न उठाउनुभयो । केन्द्रमा बसेर नीति तथा कार्ययोजना बनाउने तर त्यसलाई तल्लो तहले कार्यान्वयन गर्नुपर्ने विद्यमान अवस्थाले लक्षित नतिजा हासिल गर्न चुनौतीपूर्ण हुने उहाँले बताउनुभयो ।

बेला पब्लिकेशनले बजारमा ल्याएको 'वैकल्पिक अर्थतन्त्र' पुस्तकमा वैकल्पिक आर्थिक नीति, राज्य र अर्थतन्त्र, कृषिको रुपान्तरण र खाद्य सुरक्षा, भूमिसुधार, औद्योगिक नीति, मौद्रिक नीति, कर प्रणाली पुनर्संरचनालगायत विभिन्न १२ वटा शीर्षकमा अर्थ राजनीतिक निबन्ध छन् ।रासस

# मत्स्यकेन्द्रको १३ बिघा जग्गा अतिक्रमणमा पर्दा माछापालनमा समस्या



बागमती । प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्र हेटौँडाको जग्गा अतिक्रमण हुँदा माछापालनमा समस्या भएको छ ।

केन्द्रका नाममा रहेको कूल ४९ हेक्टर जग्गामध्ये १३ बिघा १३ कट्ठा १० धुर जग्गा अतिक्रमण हुँदा माछापालन प्रभावित भएको हो । "केन्द्रका नाममा भएका जग्गा अतिक्रमणमा परेको छ, सो जग्गामा अनधिकृत रुपमा संरचना निर्माण भएका छन्", कार्यालय प्रमुख सरोजकुमार यादवले भन्नुभयो, "यसले माछापालन प्रभावित भएको छ ।" कित्ता नम्बर ९६ को जग्गामध्ये करिब १२ कट्ठा जग्गा अतिक्रमण गरी स्थानीय विष्णुप्रसाद दङ्गाल, धनबहादुर लामा, सावित्री बज्राचार्य (कुँवर), नवीन श्रेष्ठ, उद्धव चौलागाईं, पद्मबहादुर खड्का र प्रेमबहादुर परियारले भवनलगायत संरचना निर्माणगरी भोगचलन गर्दै आएको पाइएको कार्यालय प्रमुख यादवले बताउनुभयो ।

अतिक्रमणमा परेको जग्गा खाली गर्न पटकपटक सूचना जारी गर्दा पनि हालसम्म उपलब्धि हासिल हुन नसकेपछि अतिक्रमित जग्गामा निर्माण भएका संरचना भत्काउने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो । अतिक्रमणमा परेको जग्गाको डिजिटल विधिबाट नक्साङ्कन गरेपछि गत २०८० भदौ १६ गते सात जनाको नाम तोकेरै सो कार्यालयले अतिक्रमित जग्गा खाली गर्न निर्देशनात्मक सूचना जारी गरेको थियो । सूचना जारी भएपश्चात् केही व्यक्तिहरुले अतिक्रमित जग्गामध्ये छ कट्ठा जग्गा खाली गरे पनि बाँकी जग्गा अझै खाली नभएको प्रमुख यादवको भनाइ छ ।

"अतिक्रमित जग्गा खाली गर्न सूचना जारी गरेपछि अतिक्रमण गरेका केही व्यक्तिले उच्च अदालत पाटन, मकवानपुर इजलासमा मुद्दा गरेका थिए", प्रमुख यादवले भन्नुभयो, "त्यो मुद्दा अदालतले खारेज गर्दै जग्गा खाली गर्न आदेश दियो । तर पनि अधिकांशले जग्गा खाली गर्नै मानेका छैनन् ।"अतिक्रमण जग्गामध्ये छ कट्ठा जग्गामा भएका संरचना हटाएपछि उक्त जग्गामा हाल माछाको आहारका लागि उन्नत घाँस तथा केरा लगाइएको छ । बाँकी जग्गामा निर्माण गरिएका संरचना हटाउन सूचना जारी गरिएको एक वर्ष भइसकेको छ ।

"अहिलेसम्म अतिक्रमण गरेको जग्गा खाली गरिदिनुस् भनिरहेका छौँ", प्रमुख यादवले भन्नुभयो, "तर उहाँहरुले अटेर गरिरहनुभएको छ, खाली गर्न चासो देखाउनुभएको छैन । अब संरचना भत्काउनुको विकल्प छैन ।"यस विषयमा जिल्ला प्रशासन कार्यालय मकवानपुर, नापी कार्यालय, हेभिइक्युपमेन्ट डिभिजन मकवानपुर र नेपाल विद्युत् प्राधिकरण, मकवानपुरलाई जानकारी गराउँदै अतिक्रमित जग्गा खाली गराउन आवश्यक सहयोग गर्न पत्राचार गरिएको पनि प्रमुख यादवले बताउनुभयो ।

"अनधिकृत रुपमा निर्माण गरिएको घरटहरा गत वैशाखमै हटाउन लागेका थियौँ", प्रमुख यादवले भन्नुभयो, "त्यतिबेला जनप्रतिनिधि तथा प्रमुख जिल्ला अधिकारीलगायत जग्गा खाली गर्न सात दिनको थप समय दिएका थियौँ ।" कार्यालयकै नाममा रहेको कित्ता नम्बर ९६ को आठ बिघा १३ कट्ठा १८ धुर जग्गामा पिप्ले युवा क्लबले रङ्गशाला निर्माण, स्वास्थ्य चौकी र कार्यालयको भवनसमेत निर्माणगरी रेष्टुरेन्ट सञ्चालन गरिरहेको जनाएको छ । हाल सो जग्गा सङ्घीय, प्रदेश वा स्थानीय सरकारमार्फत क्लबलाई भाडामा दिनेगरी प्रक्रिया अघि बढाइएको प्रमुख यादवले बताउनुभयो ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले अतिक्रममा परेको मत्स्य कार्यालयको सरकारी जग्गा खाली गराउन पहल भइरहेको बताउनुभएको छ । उहाँले चाडपर्व नजिकिएकाले यतिबेला संरचना हटाउँदा समस्या हुनसक्ने भएकाले चाडपर्व सकिएलगत्तै प्रक्रिया अघि बढाइने जानकारी दिनुभयो ।रासस

# कञ्चनपुरमा गिद्ध गणना

कञ्चनपुर । सोह्रौं अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवसको अवसरमा शनिबार कञ्चनपुरमा गिद्ध गणनाको कार्य भइरहेको छ । नेपाल पन्छी संरक्षण सङ्घको आर्थिक सहयोगमा गिद्ध पाइने सम्भावित क्षेत्रमा गणकलाई खटाएर गणना भइरहेको हो । अवलोकन, गणना र सचेतना प्रवाह गरी गिद्ध दिवस मनाउन लागिएको चरा विज्ञ हिरुलाल डगौराले बताउनुभयो ।

उहाँका अनुसार गिद्ध गणना कार्यक्रममा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा नेचर गाइड एशोसिएशन, एनटिएनसी, कञ्चनपुर चरा संरक्षण समूह, बेलौरी नगरपालिकास्तरीय युवा सञ्जाल लगायतका प्रतिनिधि सहभागी रहनुभएको छ ।

गिद्ध गणना बिहानदेखि सुरु गरिएको छ ।शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको हिरापुरफाँटा, भतपुरी, तारापुर, निकुञ्जको शुक्लाफाँटा घाँसे मैदानसँगै निकुञ्ज बाह्य क्षेत्रको बन्साहा, पर्सिया, कञ्ज, झिलमिला, बेलडाँडी, किसान मध्यवर्ती सामुदायिक वन क्षेत्रमा गणना गर्ने कार्यक्रम



रहेको छ ।

योसंगै कैलालीको खुटिया क्षेत्र र बेलीपतेला क्षेत्रमा पनि गणना भइरहेको छ । पाँचदेखि १० जनासम्मको टोलीमा गणकलाई विभाजन गरी गणना अगाडि बढाएको चरा विज्ञ डगौराले जानकारी दिनुभएको छ ।

"गणकहरुलाई गिद्ध देख्न सकिने सम्भावित क्षेत्रमा पठाएका छौँ", उहाँले भन्नुभयो, "एक ठाउँबाट गणना गर्नका लागि कम्तीमा आधा घण्टा बसेर गणना गर्छौं, हिँड्दा हिँड्दै गणना गर्नका लागि एक घण्टा प्रति किलोमिटरभन्दा कम चालमा गणनाको कार्य हुन्छ ।"

गणकहरुले गिद्धका प्रजाति छुट्याइ संख्याका साथै क्रियाकलाप (सिनो खाएको, घाम तापेको, पानी खाएको वा नुहाएको, आकाशमा उडेको, झगडा गरेको आदी) अभिलेख राख्ने कार्यसँगै गिद्धलाई हुन सक्ने खतरा र चुनौतीको अभिलेख गर्ने, गिद्धका प्रजाति र उमेर समूह पहिचान सहयोगको लागि पुस्तक, पोस्टर, मर्लिन एपको प्रयोग गरी फोटो तथा भिडियो खिच्ने कार्य गरिने बताईएको छ ।गिद्ध गणनाका लागि बिहान ७ बजेदेखि ११ बजे र साँझ ३ बजेदेखि ६ बजेसम्मको समय निर्धारण गरिएको छ । यस अघिको सर्भेमा कञ्चनपुरमा गिद्धका एक सय २० बढी गुँड फेला परेका थिए । यसमध्ये लोपोन्मुख अवस्थामा पुगेको डंगर गिद्धका मात्रै एक सय १४ गुँड फेला परेका थिए ।

कञ्चनपुरमा तीन सयदेखि चार सयको हाराहारीमा गिद्ध रहेको चरा विज्ञहरुको अनुमान रहेको छ । नेपालमा नौ प्रजातीका गिद्धहरु पाइने जनाइएको छ । यसमा डंगर, सानो खैरो, सेतो हिमाली, लामो ठुडे, सुन, हाडफोर, खैरो र राज गिद्ध रहेका छन । प्रत्येक वर्षको सेप्टेम्बर महिनाको पहिलो शनिबार अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस मनाइने गरिन्छ । नेपालमा सप्ताहव्यायी रुपमा १ देखि ७ सेप्टेम्बरसम्म गिद्ध दिवस मनाइँदै छ ।रासस


मधेश प्रदेश सरकार
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
उद्योग विभाग

## घरेलु तथा साना उद्योग कार्यालय, पर्सा
वीरगंज, नेपाल

## मौजुदा सूचि दर्ता गराउने सम्बन्धी

प्रकाशित मिति : २०८१/५/२३)

यस कार्यालयको आ.व. २०८१/०८२ का लागि आवश्यक पर्ने मालसमान खरिद तथा आपूर्ति कार्य, सेवा खरिद तथा सार्वजनिक मर्मत कार्य, परामर्श सम्बन्धी कार्य गर्न गराउन योग्यता पुगेका ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले सार्वजनिक खरिद नियमावली (दशौं संसोधन २०७७) को नियम १८ मा भएको ब्यवस्था बमोजिम निम्न बमोजिमका कागजात सहित निवेदन सूचिकृत गर्नु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**क) खरिद तथा आपुर्ति गर्नुपर्ने मालसमान, सेवा तथा भौतिक निर्माण ।**

- स्टेशनरी, मसलन्द तथा कार्यालय समानहरु
- कम्प्युटर, फोटोकपी, प्रिन्टर, ईन्भटर, ब्याट्रि, यु.पि.एस लगायत अन्य आवश्यक ईलेक्ट्रोनिक्स तथा ईलेक्ट्रीकल्स समानहरु तथा संचार उपकरणका सामानहरु आपुर्ति तथा मर्मत
- छपाई तथा वाईन्डिङ्ग सम्बन्धि कार्यहरु
- फर्निचर तथा फर्निसिङ्ग सम्बन्धि सामानहरु आपुर्ति तथा मर्मत
- चार पाग्रे तथा दुई पाग्रे सवारी साधनको पार्टपुर्जा आपुर्ति तथा मर्मत
- ईन्टरनेट तथा वेवसाईट सम्बन्धि कार्यहरु
- भवन तथा कार्यालय कम्पाउन्ड मर्मत सम्हार
- सूचना तथा विज्ञापन सम्बन्धि कार्यहरु
- सीप विकास तथा जनचेतना तालिम सम्बन्धि सामग्रीहरु
- विभिन्न प्रकारका लघु, घरेलु तथा साना उद्योग सम्बन्धी मेसिनरी, मेसिनरी औजार तथा उपकरणहरु आपुर्ति
- सेवा परामर्श सम्बन्धि कार्यहरु
- आवश्यक अन्य कार्यहरु

**ख) निवेदन साथ संलग्न गर्नुपर्ने कागजात:**

- फर्म संस्था वा कम्पनी दर्ता प्रमाण पत्रको छायाप्रति (नविकरण अध्यावधिक भएको)
- स्थायी लेखा नं. र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको छायाप्रति (मु.अ. करमा दर्ता हुनु नपर्नेको हकमा सोको अधिकारिक कागजातको छायाप्रति कर चुक्ता प्रमाण पत्र संलग्न हुनुपर्ने)
- माथी उल्लेखित मालसमान खरिद तथा आपुर्ति सेवा र सार्वजनिक निर्माण तथा मर्मत कार्यका लागि प्रत्येक छुट्टा छुट्टै निवेदन दर्ता गराउनु पर्नेछ ।

प्रमुख उद्योग अधिकृत


# च्याउमा आत्मनिर्भर बनाउन व्यावसायिक उत्पादन सुरु

ाचितवन ।जिल्लाको कालिका नगरपालिका-२ पदमपुरमा च्याउ खेतीमा आत्मनिर्भर बनाउने उद्देश्यले व्यावसायिक उत्पादन सुरु गरिएको छ । यहाँ १२ वटा वातावरण अनुकूलित टनेलमार्फत डल्ले च्याउको व्यावसायिक उत्पादन सुरु गरिएको हो ।

कालिका नगरपालिकाका प्रमुख विनोद रेग्मीले शुक्रबार व्यावसायिक डल्ले च्याउको उत्पादन शुभारम्भ गर्दै पालिकासँगै मुलुकलाई च्याउमा आत्मनिर्भर बनाउने उद्देश्यले वातावरण अनुकूल टनेल निर्माण गरी उत्पादन सुरु गरिएको बताउनुभयो ।

नगरपालिकाले कृषक र कृषि क्षेत्रको प्रवर्द्धन गर्न विभिन्न अनुदान, प्राविधिक, कृषि उपकरणलगायत सहयोग गरिरहेको उहाँले जानकारी दिनुभयो ।

नगरप्रमुख रेग्मीले यहाँको उत्पादन मुलुकका प्रमुख सहरमा पुग्ने भएकाले यसलाई थप व्यावसायिक हुँदै उत्पादनमा केन्द्रित योजनाअनुरूप वातावरण अनुकूल टनेल निर्माण गरिएको बताउनुभयो । उहाँका अनुसार रेन्स्की एग्रो फार्मले डल्ले च्याउ उत्पादन थालेको हो । यसअघि यहाँ पाते च्याउ उत्पादन हुँदै आएको थियो ।

फार्मका सञ्चालक कमल शर्मा सुवेदीले एउटा टनेल १० टन कम्पोस्टको क्षमताको भएको बताउँदै यसबाट १८ देखि २० प्रतिशत च्याउ उत्पादन हुने जानकारी दिनुभयो । "निर्मित १२ वटा टनेलमा ६५ दिनमा करिब २४ हजार किलो च्याउ उत्पादन हुने अनुमा गरेका छौँ । एक वर्षमा छ पटकसम्म उत्पादन गर्न सकिने भएकाले गर्मी मौसमका लागि यो प्रभावकारी मानिएको छ", उहाँले भन्नुभयो ।

प्रतिकिलो रु चार सयमा डल्ले च्याउ बिक्री हुन्छ । यहाँ उत्पादित ७० प्रतिशत च्याउ चितवनको बजारका साथै काठमाडौँ र मकवानपुरमा बिक्री हुने गर्दछ । गर्मी मौसम भएकाले वातावरण अनुकूलित टनेलमा च्याउ उत्पादन गरिएको हो ।रासस

# बीएन्डसीलाई एमबीबीएस पढाउन औपचारिक स्वीकृति

झापा । बीएन्डसी मेडिकल कलेज टिचिङ एन्ड रिसर्च प्रालिले लामो पर्खाइपछि चिकित्सा शिक्षा आयोगबाट चिकित्साशास्त्रको स्नातक तह (एमबीबीएस)मा ५० जना विद्यार्थी अध्यापन गराउने औपचारिक स्वीकृति पाएको छ ।कलेजका जनसम्पर्क अधिकृत प्रमिश गिरीले आयोगबाट पहिलोपल्ट यसै शैक्षिक वर्षमा ५० जना विद्यार्थी पढाउन पाउनेगरी सिट निर्धारण भएको बताउनुभयो । आयोगले शुक्रबार नै सिट निर्धारणबारेमा सार्वजनिक सूचना जारी गरिसकेको उहाँले जानकारी दिनुभयो ।

विर्तामोड नगरपालिका वडा नं. ५ विर्तामोडमा चिकित्साशास्त्रको स्नातक तहमा अध्यापन गराउने उद्देश्यले विसं २०७१ फागुन १८ गतेदेखि ३०० शय्याको अस्पतालसहित बीएन्डसी मेडिकल कलेज टिचिङ एन्ड रिसर्च प्रालि सञ्चालनमा आएको थियो ।

नेपाल सरकारबाट वि.सं. २०६४ सालमै मनसाय पत्र प्राप्त गरेर प्रालिले एमबीबीएसका विद्यार्थी पढाउनका लागि सम्पूर्ण पूर्वाधार स्थापना गरिसकेपछि पनि अध्यापनको स्वीकृति पाउन लामो अवधि कुर्नु परेको जनसम्पर्क अधिकृत गिरीले बताउनुभयो ।

सर्वोच्च अदालतले विसं २०८० चैत्र १३ गते बीएन्डसी मेडिकल कलेजलाई सम्बन्धन दिनका लागि परमादेश जारी गरेको थियो । सोही परमादेशका आधारमा काठमाडौं युनिभर्सिटीले सम्बन्धन प्रदान गरेको हो ।बीएन्डसी मेडिकल कलेज टिचिङ एन्ड रिसर्च प्रालिका प्रिन्सिपल प्राडा उमेश शर्माले सम्पूर्ण पूर्वाधार तयार रहेको जनाउँदै अब छिट्टै एमबीबीएसका विद्यार्थीको भर्ना र पठनपाठन सुरु हुने बताउनुभयो ।

विर्तामोडमा सुविधासम्पन्न अस्पताल सञ्चालन र मेचीनगर-११ धाइजनमा पठनपाठनका लागि पूर्वाधारयुक्त साइन्स बेसिक भवन स्थापना भइसकेको प्राडा शर्माले जानकारी दिनुभयो ।

पठनपाठनका लागि कलेजका तर्फबाट सम्पूर्ण तयारी पूरा भइसकेको समेत उहाँले बताउनुभयो ।"मेची अञ्चलबासीका लागि यो महत्त्वपूर्ण उपलब्धि र खुशीको विषय हो", उहाँले भन्नुभयो । बीएन्डसी मेडिकल कलेज र पूर्वाञ्चल क्यान्सर अस्पतालमा लगभग दुई हजार जनाले प्रत्यक्ष रोजगारी पाएका छन् ।रासस

# चोरीको आरोपमा एक युवक पक्राउ

टुडे समाचारदाता

राजविराज । सप्तरीमा एकजना चोरको आरोपमा पक्राउ परेका छन् ।

जिल्लाको अग्नीसाइर कृष्णावारन गाउँपालिका-२ स्थित चाँदनी चोकबाट शनिबार चोरीको आरोपमा एक जना युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा रुपनी गाउँपालिका ६ वीरेन्द्र बजारका अन्दाजी १८ वर्षीय प्रकाश दास रहेका छन् ।

चाँदनी चोकका ललित नारायण साहको घरको ताल्चा फुटाउँदै गर्दा दासलाई बिहान पक्राउ गरेको स्थानीय खड्गबहादुर तामाङले बताउनुभयो । पक्राउ परेका दासलाई प्रहरी बोलाएर जिम्मा लगाएको तामाङको जनाएको छ ।

दासको साथबाट गत मंगलबार चोरी भएको सङ्गीता लिम्बूको मुक्तिनाथ बैङ्क र एभरेष्ट बैङ्कको एटिएम कार्ड समेत फेला परेको प्रहरीले जनाएको छ ।



पक्राउ परेका दासलाई इलाका प्रहरी कार्यालय महुलीको नियन्त्रणमा राखेर आवश्यक अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

आरोपित दासले घरमा कोही नभएको मौका पारेर ग्यास सिलिन्डर, गैती, हथौडा, बेल्चा, साबेल, नगद खाद्यान्न, भाँडाकुँडा लगायतको सामान चोरी भएको प्रहरीले जनाएको छ ।

भाडावाल संगीता लिम्बूको कोठाबाट ताला फुटाएर, पर्ससहित नगद एटिएम, खाद्यान्न, सिलिन्डरसहितका सरसामान चोरी भएको थियो ।

सप्तरीमा केही दिन यता विद्यालय, मठमन्दिर, गुम्बालगायतका सार्वजनिक स्थल तथा घर गाउँमा सवारी साधन, पशुचौपाया चोरीको घटना वृद्धि भएपछि स्थानीय त्रसित भएका छन् ।

## कानुन व्यवसायीमा रस्साकसी

# उपाध्यक्ष र सहसचिव र कोषाध्यक्ष निर्विरोध निर्वाचित

टुडे समाचारदाता

राजविराज । कानुन व्यवसायीहरुको साझा संगठन सप्तरी जिल्ला बार एसोसिएसनको निर्वाचन मिति नजिकिएसँगै चुनावी सरगर्मी बढेको छ ।

बार एसोसिएसनको आगामी भदौं २९ गते शनिबार नयाँ नेतृत्वका लागि निर्वाचन हुँदैछ । अध्यक्षसहित कार्य समितिको ११ तथा ५ केन्द्रीय पार्षदका लागि हुने निर्वाचनमा दुई समूह प्यानलसहित चुनावी मैदानमा उत्रेका छन् ।

एउटा समूहबाट अध्यक्ष पदमा कामेश्वर यादव, सचिव रामएकवाल मण्डल तथा सदस्यमा लवेन्द्र प्रसाद देव, धीरेन्द्र लाभ, रामनरेश चौधरी, देवनाथ चौधरी र शिवनारायण यादव उम्मेदवार छन् । भने ध्रुबकुमार मण्डल, श्यामनारायण यादव, भोजराज शर्मा, बलराम देव र कमलकुमार यादव केन्द्रीय पार्षदका उम्मेदवार छन् ।

त्यस्तै अर्को समूहबाट अध्यक्ष पदमा उपेन्द्रप्रसाद यादव, सचिवमा सुरेश सिंह र सदस्यहरुमा दीपेश कुमार चौधरी, ज्ञानेन्द्र प्रसाद यादव, बिरबहादुर कडारी,



महेन्द्र प्रसाद यादव र हेमनारायण चौधरी चुनावी प्रतिस्पर्धामा छन् ।

सो समूहबाट महेन्द्र प्रसाद देव, मनु खनाल, शंकर कुमार मिश्र, केशरलाल खंग र रमाकान्त चौधरी केन्द्रिय पार्षदका उम्मेदवार छन् ।

यसअघि सहसचिव पदमा शैलजाकुमारी साहको एक मात्र उम्मेदवारी परेका कारण उनी निर्विरोध निर्वाचित भएकी छन् । उनी उपेन्द्र समूहका उम्मेदवार हुन् । त्यस्तै उपाध्यक्ष पदमा उम्मेदवारी दिएका दिलीप चौधरीले उम्मेदवारी फिर्ता लिँदा मिस्टर चौधरी तथा कोषाध्यक्ष पदमा उम्मेदवारी दिएका बैजनाथ चौधरीले उम्मेदवारी फिर्ता लिँदा निलमकुमारी यादव निर्विरोध निर्वाचित भएको निर्वाचन समितिका संयोजक केशवप्रसाद दासले जानकारी दिए ।

रोचक पक्ष के छ भने अध्यक्ष पदमा उपेन्द्र समूहका मिस्टर चौधरी र सहसचिवमा शैलजाकुमारी साह निर्विरोध हुँदा कोषाध्यक्ष पदमा कामेश्वर समूहका निलमकुमारी यादव निर्विरोध निर्वाचित भएकी छन् ।

त्यस्तै एक महिला सदस्य पदमा भने दुबै समूहबाट उम्मेदवारी नपरेपछि सो पद हाल रिक्त रहेको छ । पछि मनोनयन प्रक्रियाबाट पूर्ति गरिने निर्वाचन समितिका संयोजक दासले बताए ।

अध्यक्ष पदका दुबै उम्मेदवारले स्वच्छ, न्यायिक वातावरणको सृजना, पेशागत हकहितको संरक्षण, न्यायमा सबैको पहुँच तथा न्यायपालिकाप्रति जनताको आस्था बढाउने लगायतका विषयमा काम गर्ने मतदाता समक्ष प्रतिबद्धता गर्ने गरेका छन् ।

अध्यक्ष पदका दुवै उम्मेदवार कानुन व्यवसायी माँझ लोकप्रिय भएकाले कसले बाजी मार्ला भन्ने आकलन गर्न कठिन भएको मतदाताहरु बताउने गरेका छन् । दुई वर्षे कार्यकालका लागि हुने बार एसोसिएसनको निर्वाचनमा कुल १ सय ३ मतदाता रहेको निर्वाचन समितिले जनाएको छ ।

# ‘प्रदेश लोकसेवा आयोगको महत्वपूर्ण भूमिका’

टुडे समाचारदाता

जनकपुरधाम । मुख्यमन्त्री सतीश कुमार सिंहले मधेश प्रदेश लोकसेवा आयोगको पाँचौं वार्षिकोत्सवको अवसरमा शुभकामना दिएका छन् ।

जनकपुरधाममा शनिबार प्रदेश लोकसेवा आयोगको वार्षिकोत्सव अवसरमा शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री सिंहले स्वच्छता, निष्पक्षता र पारदर्शितामा आधारित मूल्यमान्यता एवम् मापदण्डअनुसार सक्षम राष्ट्रसेवकको उत्पादन र उत्पादित कर्मचारीको भविष्य सुनिश्चित गर्न आयोगको महत्त्वपूर्ण भूमिका नै यसप्रति जनविश्वास रहेको उल्लेख छ ।

उनले जारी गरेको शुभकामना सन्देशमा भनिएको छ, ‘मधेश प्रदेशको लोकसेवा आयोगले नियुक्ति सिफारिस, बढुवा, परामर्श आदिका लागि कानुनप्रदत्त दायित्व कुशलतापूर्वक निर्वाह गरिरहेको छ ।

प्रशासनयन्त्रमा गुणस्तर र चुस्तताको अपेक्षा गरिएको छ । सार्वजनिक प्रशासनलाई थप उत्तरदायी र जवाफदेही बनाउनुपर्नेछ । यस चुनौतीलाई प्रदेश लोकसेवा आयोगले




अवश्य पनि सफलतापूर्वक पूरा गर्नेछ ।’

उनले सार्वजनिक प्रशासनमा योग्य, सक्षम र प्रतिभावान एवम् सिर्जनात्मक क्षमता भएकाहरूलाई आकर्षित गर्न आयोगले विशेष ध्यान दिनेछ भन्ने विश्वास लिएको छु, भनेका छन् ।

# दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिने सहमति

टुडे समाचारदाता

रौतहट । रौतहटको गरुडा नगरपालिका-५ शिवनगरमा सुत्केरी महिलाको मृत्यु भएको घटनामा दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिने सहमति भएको छ । सो सहमति पछि शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर लगिएको थियो ।

इलाका प्रहरी कार्यालय गरुडामा गएराति बसेको दुईपक्षीय बैठकमा पीडित परिवारलाई राहत स्वरूप तत्काल दुई लाख रुपैयाँ सहयोग गर्ने, घटनाको छानबिन गर्न सर्वदलीय कमिटी गठन गर्ने, अस्पतालमा तोडफोड गर्नेलाई कारबाही गर्ने सहमति भएको पीडित परिवारजनले जनाएको छ ।

सहमति भएपछि गएराति नै शिवनगर स्थित बाटो खुलाएर मृतक सुत्केरी महिलाको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर लगिएको इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायब उपरीक्षक राजन कार्कीले जानकारी दिए ।

गरुडा ५ शिवनगरका अरबिन्द साहको श्रीमती २५ वर्षीया रमिता देवीलाई सुत्केरी बेथा लागी सुत्केरी गराउन उक्त स्वास्थ्य चौकीमा बिहीबार साँझ ल्याएकोमा सामान्य सुत्केरी भएको थियो ।

सुत्केरी पछि बढी रक्तश्राव भएको कारण सुत्केरी महिलालाई थप उपचारका लागि वीरगञ्ज लगिएको थियो । तर उनको शुक्रबार बिहान ९ बजे मृत्यु भएको थियो ।



सो दुई पक्षीय बैठकमा गरुडाका मेयर कन्थमणि जैसवाल, मेयर प्रत्याशीहरु सुनिल कुमार यादव, ब्रिज किशोर यादव, अनिल कुमार यादव, जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरे, सशस्त्र प्रहरी प्रहरी उपरीक्षक बिक्रम हुमागाईं, सहायक प्रमुख जिल्ला अधिकारी नरेश कुमार यादव, वडा अध्यक्ष रामबाबु चौधरी लगायत पीडित परिवारका प्रतिनिधिको सहभागिता रहेको थियो ।

# एक दशकदेखि सडक निर्माण कार्य अधुरै

टुडे समाचारदाता

बारा । बाराको कलैयामा सडक निर्माण भएको एक दशक बित्दा पनि तीन किलोमिटरसम्मको सडक अहिलेसम्म निर्माण हुन सकेको छैन ।

कलैयाको मुख्य बजारमा पर्ने मानमत-मटिअर्वा २६ किमि सडकअन्तर्गत कलैयाको मुख्य बजारमा रहेको ३ किलोमिटर सडक एक दशकदेखि अधुरो नै रहेको छ ।

मानमत-मटिअर्वाको बीच भागमै पर्ने कलैयाको सो सडक बनाउन नगरवासीले चौतर्फी दबाब दिए पनि निर्माण कार्य अधुरै रहेको छ ।

कलैयाको मुख्य बजारभन्दा उत्तर र दक्षिणतर्फ गरी २३ किमि सडक कालोपत्र भए पनि बीचको बाँकी रहेको भाग शीतलपुरदेखि अवधापुरसम्मको बनाउनुपर्ने चार ‘लेन’ को सडक बन्न नसकेर लथालिंग रहेको छ । घरहरु तोडफोड गरेर माटो, ईंटा, बालुवा अलपत्र छाडिएको अवस्था छ । नाला काटेर जथाभावी माटो थुपारिएको छ ।

दुवैतर्फ नाला, कतैकतै



ढलान र पैदलमार्ग (फुटपाथ) बनाउनुपर्ने ठेक्का लागेको छ । तर दशकदेखि बन्न नसक्दा यात्रुहरु सास्ती भोग्नु बाध्य छन् ।

हुलाकी मार्ग आयोजनाअन्तर्गत दक्षिणमा दसगजासंग जोडिएको मटिअर्वा भन्सार नाकादेखि उत्तरमा पूर्व-पश्चिम राजमार्गको पिलुवासम्म जोडिने सो २६ किमि सडकको कालोपत्र पूरा गर्न भारतीय लगानीमै भारतीय कम्पनी भिस्वा कन्ट्रक्सनले २०७१ मा ठेक्का लिएको थियो ।

तर कम्पनीले निर्माण कार्य अधुरै छोडेर गएको थियो । त्यसपछि सो सडक बनाउन सरकारले आफ्नै लगानीमा ८ वर्षअघि फेरि ठेक्का गरेको थियो । आशिष डीएस जेभी कन्ट्रक्सन कम्पनीले २ वटा प्याकेजमा ठेक्का लियो- एउटा १५ किमि र अर्को ११ किमिको छ । त्यसमध्ये २३ किमि निर्माण पूरा भए पनि बाँकी ३ किमि सडक भने अलपत्र नै छ । करिब साढे दुई वर्षअघि २०७८ पुसमा तेस्रो पटक २२ करोड ३१ लाख रुपैयाँमा ठेक्का भएको थियो ।

२०७९ पुससम्म सम्पन्न गर्ने गरी काठमाडौंका सप्तकोशी जलाधार र ओम साई एण्ड कम्पनीले संयुक्त रुपमा ठेक्का लिएका थिए ।

ठेक्का अवधिमा काम नगरेपछि २०८१ फागुनसम्म म्याद थप पनि गरिएको थियो । कम्पनीले अहिले भने काम सुरु गरी यस अवधिमा जम्मा ४० मिटर नालाको ढलान र ‘पीसीसी’ गरिएको हुलाकी मार्ग आयोजना वीरगन्जका सूचना अधिकारी सञ्जयकुमार ठाकुरले बताए ।

# धान रोपाइँ हुने २० हजार हेक्टर खेतीयोग्य जमिन बाँझै

टुडे समाचारदाता

जनकपुरधाम । यस वर्ष धानखेतीका लागि उपयुक्त २० हजार ३७४ हेक्टर खेत बाँझै छाडिएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयका अनुसार १३ लाख ९८ हजार ९८५ हेक्टरमा रोपाइँ हुने अनुमान गरिए पनि १३ लाख ७८ हजार ६११ हेक्टरमा मात्रै रोपाइँ भएको जनाएको छ ।



यस वर्ष धान रोपाइँ भएको क्षेत्र नौ वर्षअघि ०७३/७४ मा रोपाइँ गरिएकोभन्दा एक लाख ७३ हजार ८५८ हेक्टरले कम रहेको छ । ०७३/७४ मा १५ लाख ५२ हजार ४६९ हेक्टरमा धान रोपाइँ भएको थियो । भ्ने सोही वर्ष सबैभन्दा धेरै क्षेत्रफलमा धानखेती भएको थियो । धान रोप्न २० लाख हेक्टर जमिन योग्य रहेको अनुमान गरिए पनि यता निरन्तर रोपाइँ गरिएको क्षेत्र घट्दै गएको मन्त्रालयको तथ्यांकले देखाएको छ ।

अपेक्षाविपरीत यस वर्ष सबैभन्दा धेरै मधेश प्रदेशमा धानखेतीमा कमी आएको तथ्यांकले देखाएको छ । कृषि मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार मधेश प्रदेशमा ३ लाख ८६ हजार १५० हेक्टरमा रोपाइँ हुने अनुमान भए पनि ३ लाख ७५ हजार ६१४ हेक्टरमा मात्रै रोपाइँ भएको छ । मधेशका किसानले धानखेतीका लागि १० हजार ५३६ हेक्टरमा रोपाइँ नै गरिएको छैन ।

त्यस्तै, कोशीमा दुई लाख ७६ हजार ३८६ हेक्टर, बागमतीमा एक लाख १२ हजार २७३ हेक्टर, गण्डकीमा ९६ हजार ९३ हेक्टर, लुम्बिनीमा तीन लाख ११ हजार ६४३ हेक्टर र कर्णालीमा ४१ हजार ९०४ हेक्टर रोपाइँ हुने अनुमान थियो । तर, कोशीमा एक हजार ११९ हेक्टर, बागमतीमा ९२२ हेक्टर, गण्डकीमा दुई हजार १३२ हेक्टर, लुम्बिनीमा पाँच हजार २६६ हेक्टर र कर्णालीमा ३९९ हेक्टरमा रोपाइँ हुन नसकेको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

सुदूरपश्चिममा शतप्रतिशत एक लाख ७४ हजार ५७६ हेक्टरमै रोपाइँ भएको छ ।

धानखेती हुन नसकेको केही जग्गामा किसानहरूले मौसमी तरकारी लगाउने कृषि मन्त्रालयका अधिकारीहरूको दाबी गरेको छ ।

कृषि विभागका उप-महानिर्देशक डा. अरुण काफ्ले जमिन नै घटेका कारण अनुमान गरिएको भन्दा कम धान रोपाइँ भएको बताए ।

धान रोपाइँ कम हुँदै जाँदा वर्षेनी उत्पादन घटेर अर्बौंको चामल आयात गर्नुपर्ने बाध्यता आइपरेको देखिएको छ । राष्ट्र बैंकको तथ्यांक अनुसार गत आर्थिक वर्ष ०८०/८१ मा २२ अर्बको धान-चामल आयात गरिएको छ ।


## आवश्यकता सम्बन्धी सूचना

विगत ३ वर्षदेखि पन्चगव्य तथा आयुर्वेदको क्षेत्रमा काम गर्दै आएको जनकधाम अन्तर्गतको क्षीरेश्वरनाथ – ०८, दिगम्बरपुर स्थित गीर गौशला प्रा.लि. मा अनुभवी वा अनुभव नभएका लागि रोजगारीको सुनौलो अवसर

| पद | संख्या | योग्यता | पारिश्रमिक |
|---|---|---|---|
| Production Manager | २ | BAMS/ आयुवेद तथा पन्चगव्य सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तिर्ण | संस्थाको नियम अनुसार।(योग्य आवेदकलाई पारिश्रमिकको कुनै सीमा नरहेको) |
| Assistant Production Manager | २ | आयुवेद तथा पन्चगव्य सम्बन्धित विषयमा प्रविणता /(१०+२) वा सो सरह उत्तिर्ण | |
| Production Helper | २ | सामान्य लेखपढ | |
| Marketing Manager | २ | स्नातक वा सो सरह उत्तिर्ण | |

सम्पर्क व्यक्ति : कौशलेन्द्र कुमार झा
सम्पर्क नं. : ९८५४०७२७२०

## भू-क्षय न्यूनीकरणका उपाय

- वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं,
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं,
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं,
- जमिन चिरा परेको स्थानलाई पुरौं र सजगता अपनाऔं,
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं,
- जथाभावी डोजर/स्काभेटर प्रयोग नगरौं,
- विकास गर्दा विनास ननिम्त्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८